# नेपाल धितोपत्र बोर्ड समाचार

अङ्क२१ तथा २२ (माघ २०७५ देखि वैशाख २०७६,२०७५/७६)


## नेपालमा नै पहिलोपटक वित्तीय साक्षरताबारे अन्तर्राष्ट्रिय सम्मेलन हुने ।

**चैत २१, २०७५**ः बोर्डले नेपालमा पहिलोपटक अन्तर्राष्ट्रिय वित्तीय साक्षरता सम्मेलनको आयोजना गर्ने भएको छ। बोर्ड र OECD (Organisation for Economic Cooperation and Development) INFE (International Network on Financial Education) को संयुक्त आयोजनामा आगामी जुलाई २-३, २०१९ (तदनुसार असार १७-१८, २०७६) मा सम्पन्न गर्ने योजना रहेको दुई दिनको OECD-SEBON Conference on Financial Education and Financial Consumer Protection in Developing Countries विषयक प्रथम अन्तर्राष्ट्रिय स्तरको वित्तीय साक्षरता सम्मेलनको आवश्यक तयारी बोर्डले गरिरहेको छ।

विशेषतः दक्षिण एशियाली मुलुकसहित विश्वका अन्य विभिन्न मुलुकका करीब १०० भन्दा बढी प्रतिनिधि सहभगिता रहने उक्त कार्यक्रममा Financial education, inclusion and financial consumer protection in Nepal and across the region, Supporting and promoting financial inclusion for ageing populations, Reducing financial vulnerabilities from childhood, Understanding the different needs of rural, remote and urban populations and Access to finance and financial education for MSEs जस्ता वित्तीय साक्षरतासम्बन्धी महत्वपूर्ण सत्रहरु सञ्चालन हुने छन् ।

यस सम्मेलनमा हुने छलफल तथा अन्तरक्रियाबाट नेपाल सहित दक्षिण एशियाली क्षेत्रमा वित्तीय साक्षरता सम्बन्धमा देखिएका चुनौती र अवसरहरु बारेमा छलफल गरी समाधान पहिल्याउने अवसर मिल्ने, हालसालै सम्पन्न Nepal Investment Summit, 2019 पश्चात उक्त कार्यक्रम आयोजना हुन लागेकोले यसबाट अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको थप Exposure बढने, वित्तीय साक्षरता तथा लगानीकर्ताको हित संरक्षण विषयमा अन्तरराष्ट्रिय क्षेत्रमा महत्वपूर्ण सन्देश पुग्ने, विकसित तथा विकासशील राष्ट्रहरुले वित्तीय बजारमा विकास गरेका नयाँ आयाम, प्रविधि तथा अभ्यासहरुको बारेमा अनुभव आदान प्रदान भई नेपालमा वित्तीय साक्षरता अभिवृद्धि गर्न सहयोग पुग्नुका साथै विश्वका अन्य मुलुकका नियमन निकाय तथा अन्य निकायसँग सम्बन्ध विस्तार हुने र यसबाट भविष्यमा समेत नियमन, वित्तीय साक्षरतालगायतका क्षेत्रहरुमा आपसी सहयोग आदान प्रदान गर्न सहज हुने समेत देखिन्छ। साथै, हाल नेपाल सरकारले वित्तीय साक्षरता रणनीति (२०७५/७६-२०७७/७८) मार्फत् मुलुकमा वित्तीय साक्षरता अभिवृद्धिका लागि पहल गरिरहेको सन्दर्भमा समेत यो सम्मेलन विशेष उपयोगी हुने देखिन्छ।

### OECD INFE /SEBON

*OECD ले वित्तीय साक्षरताको महत्वलाई आत्मसात गर्दै यस सम्बन्धी गतिविधि विस्तार गर्न एक विशिष्ट संस्थाको योजना गरे अनुरुप सन् २००८ मा International Network on Financial Education-INFE को स्थापना गरेको हो । यस संस्थाले विश्वव्यापीरुपमा साना तथा मझौला व्यवसाय, वित्तीय समावेशिता, युवा तथा महिला वर्ग, दीर्घकालिन बचत तथा लग नी लगायतका विविध क्षेत्रहरुमा वित्तीय साक्षरता अभिवृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गर्दै आएको देखिन्छ । हाल यस संस्थामा विश्वका ६४ देशका ८६ संस्थाहरु पूर्ण सदस्यको रुपमा रहेका छन् भने नियमित सदस्यतर्फ ९५ देशका १७२ संस्थाहरु रहेका छन् ।*

*बोर्डको आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम अनुसार वित्तीय साक्षरता प्रवर्द्धन तथा ज्ञान अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय संस्था, OECD-INFE को सदस्यता लिने कार्यक्रम अनुसार जनवरी १, २०१९ बाट लागू हुने गरी बोर्डले नेपालको तर्फबाट उक्त संस्थाको पूर्ण सदस्यता प्राप्त गरेको छ । यससँगै OECD INFE को पूर्ण सदस्यता प्राप्त गर्नेमा बोर्ड नेपालको पहिलो निकाय बनेको छ। पूर्ण सदस्यता पाएको बोर्डले उक्त संस्थाको प्राविधिक समिति, सल्लाहकार समिति तथा विभिन्न कार्यगत समूहमा सहभागी भई OECD INFE र यस अन्तर्गत सञ्चालन हुने वित्तीय साक्षरतासम्बन्धी गतिविधिको सञ्चालन तथा स्तर अभिवृद्धिमा सक्रिय सहभागिता देखाउन सक्नेछ । यसबाट वित्तीय साक्षरतासम्बन्धी अन्तर्राष्ट्रिय गतिविधि तथा वित्तीय साक्षरताको स्तर अभिवृद्धिमा बोर्डको समेत प्रत्यक्ष सहभागिताको अवसर उपलब्ध भएको छ ।*

## यस अंकमा ...


| विषय | पेज न. |
|---|---|
| १. नेपालमा नै पहिलोपटक वित्तीय साक्षरता सम्मेलन | १ |
| २. धितोपत्र बजारमा भएका सुधार तथा विकास | २ |
| ३. धितोपत्र बजारको स्थीति | ८ |
| ४. छलफल/अन्तरक्रिया कार्यक्रम | १० |
| ४. धितोपत्र बजारसम्बन्धी लगानीकर्ता प्रशिक्षण कार्यक्रम | १२ |
| ५. लेख (क्रेडिट रेटिङ्गको अवधारणा ...) | १७ |

# धितोपत्र बजार सुधार तथा विकास गतिविधिहरू

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले आस्वा प्रणालीमार्फत आवेदन दिन सक्ने व्यवस्था ।

**माघ ७, २०७५**: बोर्डले उद्योग वा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दालाई समेत मिति २०७५ फाल्गुन १ गते देखि ऐच्छिक रुपमा आस्वा प्रणालीमार्फत आवेदन दिने व्यवस्था गरेको छ। धितोपत्रको सार्वजनिक निष्काशनमा उद्योग वा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले आस्वा प्रणालीमार्फत आवेदन दिने व्यवस्था नभएको र यसवाट स्थानीय बासिन्दाहरुले दरखास्त दिन झन्झट व्यहोर्नु परिरहेको साथै धितोपत्र बाँडफाँड पश्चात शेयर नपरेको रकम फिर्ता लिन तथा धितोपत्र प्रमाणपत्र लिनका लागि पटक पटक निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको संकलन केन्द्रमा जानुपर्ने अवस्था रहेको साथै उक्त धितोपत्र विक्री गर्नका लागि हितग्राही खाता खोली अभौतिकीकरण समेत गर्नु पर्ने व्यवस्थाको साथै हाल आस्वा प्रणालीको सुविधा ७७ जिल्ला र सबै स्थानीय निकायमा समेत पुगिसकेको स्थितिलाई दृष्टिगत गर्दै उक्त व्यवस्था गरेको हो।

यसका अतिरिक्त उद्योग वा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले प्राप्त गरेको शेयर सार्वजनिक निष्काशन भएको शेयरको बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न नपाइने व्यवस्था (लकईन पिरियड) रहेको सन्दर्भमा उद्योग वा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले खरिद गरेको शेयर कारोवार योग्य नहुन्जेल अर्थात लकईन पिरियडसम्म आस्वा प्रणालीमार्फत सार्वजनिक निष्काशनमा आवेदन दिने प्रयोजनार्थ खोलेको डिम्याट खाताको वार्षिक नवीकरण शुल्क प्रोत्साहन स्वरुप मिनाहा दिने व्यवस्था गर्न निर्देशन दिएको छ।

धितोपत्रको सार्वजनिक निष्काशनमा मिति २०७३ माघ देखि काठमाण्डौ उपत्यकामा र मिति २०७४ श्रावण देखि नेपालभरी आस्वा प्रणाली अनिवार्य रुपमा लागू गरिएको थियो। धितोपत्रको सार्वजनिक निष्काशनमा आस्वा प्रणाली सफल रुपमा कार्यान्वयन भैसके पश्चात धितोपत्रको हकप्रद निष्काशनमा समेत लागू गरिएकोमा हकप्रद निष्काशनमासमेत आस्वा प्रणाली सफल रुपमा कार्यान्वयन भएको छ। आस्वा प्रणालीले सार्वजनिक निष्काशन प्रक्रियालाई छिटो छरितो, सहज, पारदर्शी, स्वच्छ, प्रतिस्पर्धात्मक, लगानीमैत्री, निष्काशन वन्द भएको तीन दिनभित्रमा बाँडफाँड हुन सक्ने, दरखास्तसाथ पेश गरिएको/गरिने रकमको व्याज सम्वन्धित लगानीकर्ताले वैक खातामार्फत स्वतः नै प्राप्त गर्न सक्ने साथै धितोपत्र बाँडफाँड भए पश्चात स्वतः हितग्राहीको खातामा धितोपत्र जम्मा हुने अवस्था रहेको छ। आस्वा प्रणालीमार्फत देशका सातवटै प्रदेशका ७७ जिल्लाका करीब सबै स्थानीय निकायबाट बैंक तथा वित्तीय संस्थाहरुको करीव २,६०० भन्दा बढी शाखाहरुमार्फत् सो सेवा प्रदान भइरहेको परिप्रेक्ष्यमा यस व्यवस्थावाट धितोपत्रको सार्वजनिक निष्काशन प्रक्रिया थप लगानीमैत्री हुनुका साथै बोर्डको एक नेपाली एक डिम्याट खाता अभियानमा व्यापकता आई वजार विस्तार हुने अपेक्षा गरिएको छ।

## मार्जिन कारोबार सुविधामा ऋणको ब्याजदर तथा अनुगमन सम्वन्धी व्यवस्था

**माघ १८, २०७५**: बोर्डबाट धितोपत्र दलाल व्यवसायीहरुमार्फत् प्रदान हुने धितोपत्रको मार्जिन कारोबारसम्बन्धी सेवा सुविधामा रहेका अस्पष्टताहरुलाई हटाउँदै उक्त सुविधा कार्यान्वयनमा ल्याउन नेप्सेलाई निर्देशन दिएको छ। धितोपत्रको दोस्रो बजारमार्फत् लगानी गर्ने सर्वसाधारण लगानीकर्तालाई अन्तर्राष्ट्रिय अभ्यास अनुरुप मार्जिन कारोवार सुविधा उपलब्ध गराउने, धितोपत्र दोस्रो बजार कारोबारमा तरलता अभिबृद्धि गर्ने तथा धितोपत्र दलाल व्यवसायको दायरा विस्तार गर्ने उद्देश्यले बोर्डले कार्तिक २०, २०७४ मा मार्जिन कारोवार सुविधा सम्वन्धी निर्देशन, २०७४ जारी गरेको र सोही बमोजिम नेपाल स्टक एक्सचेञ्जले वैशाख १९, २०७५ मा "मार्जिन कारोवार सुविधा सम्बन्धी कार्यविधि, २०७५" तर्जुमा गरेको भएतापनि कार्यान्वयनमा आउन केही ढिलाइ भैरहेको तथा मुद्रा तथा पूँजी बजारमा देखिएका प्रवृत्तिहरुको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीका लागि श्रोत व्यवस्थापन सम्बन्धी सुझाव समितिको प्रतिवेदन कार्यान्वयनको लागि नेपाल सरकार अर्थ मन्त्रालयबाट पूँजी बजारसँग सम्बन्धित सुझावहरु कार्यान्वयनका लागि बोर्डमा प्राप्त भएको प्रतिवेदनमा उल्लेख भएका सुझावहरु कार्यान्वयन गर्दै जाने क्रममा बोर्डले थप व्यवस्था गरी उक्त निर्देशन दिएको हो।

धितोपत्र दलालले ग्राहकलाई उपलब्ध गराउने ऋणको ब्याजदर तथा अनुगमन सम्बन्धमा देहाय अनुसारको व्यवस्था समेत गरी मार्जिन कारोवार सुविधा उपलब्ध गराउने कार्य कार्यान्वयनमा ल्याउन नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिनुका साथै यस सम्वन्धी अन्य व्यवस्था तल बक्समा प्रस्तुत गरिएको छ :

### मार्जिन कारोबार सम्बन्धी ऋणको ब्याजदर तथा अनुगमन सम्वन्धी व्यवस्थाः

- *धितोपत्र दलालले ग्राहकलाई उपलब्ध गराउने मार्जिन कारोवार सुविधा सम्बन्धी व्यवस्था धितोपत्र नियमन निकायको दायराभित्र पर्ने परिप्रेक्ष्यमा धितोपत्र दलालले मार्जिन कारोवार सुविधा अन्तर्गत ग्राहकलाई उपलब्ध गराउने ऋणको व्याजदर सम्बन्धमा धितोपत्र दलाल र ग्राहकबीच हुन सम्झौतामा उल्लेख भए बमोजिम हुने व्यवस्था गर्ने।*
- *धितोपत्र दलालले मार्जिन कारोवार सुविधा उपलब्ध गराए वापत ग्राहकसँग लिने व्याजको दरबारे बोर्ड र नेप्सेलाई पूर्व जानकारी गराउने व्यवस्था गर्ने।*
- *धितोपत्रको मार्जिन कारोवार सुविधाका विविध पक्षहरु बारे सुसूचित नभई लगानी गरेमा मार्जिन कारोवार जोखिमपूर्ण हुने हुँदा यो सुविधा लागू गर्नुअघि यस सम्बन्धमा लगानीकर्ताहरुलाई पर्याप्त जानकारी दिन नेप्सेले सचेतनामूलक कार्यक्रम संचालन गर्ने साथै धितोपत्र दलाल व्यवसायीमार्फत समेत सचेतनामूलक कार्यक्रम संचालन गर्ने गराउने व्यवस्था मिलाउने।*
- *मार्जिन कारोवार सुविधाको कार्यान्वयनलाई स्वच्छ, पारदर्शी तथा प्रतिस्पर्धी बनाउन मार्जिन कारोवारको सुपरिवेक्षण व्यवस्थालाई प्रभावकारी बनाउन अति आवश्यक रहेकोले धितोपत्र बजारको अग्रपंक्तिको नियमन निकायको रुपमा रहेको नेप्सेले मार्जिन कारोवारको नियमित र सघन रुपमा सुपरिवेक्षण/अनुगमन गर्ने।*
- *यस सन्दर्भमा मार्जिन कारोवार सुविधा अभ्यासमा आएपश्चात मार्जिन कारोवारको लागि धितोपत्र दलालले ग्राहकलाई उपलब्ध गराउने ऋणको व्याजदर सम्बन्धमा कुनै अस्वाभाविक स्थिति आएमा बोर्डले आवश्यक हस्तक्षेप (इन्टभेन्सन) तथा नियमन/सुपरिवेक्षण गर्ने समेत व्यवस्था गरिएको छ।*

यसका साथै बोर्डको मार्जिन कारोवार सुविधा सम्वन्धी निर्देशन, २०७४ र नेप्सेले तर्जुमा गरेको मार्जिन कारोवार सुविधा सम्वन्धी कार्यविधि, २०७५ सहित मार्जिन कारोवार सुविधा सम्वन्धमा बोर्डले गरेका व्यवस्था बारे नेपाल राष्ट्र बैंकलाई जानकारी गराउने उक्त वोर्ड वैठकको निर्णयानुसार सो बैंकलाई पत्रमार्फत समेत जानकारी गराएको छ। धितोपत्र बजारमा मार्जिन कारोवार सुविधा उपलब्ध भए पश्चात धितोपत्र व्यवसायको कार्य दायरा (स्कोप अफ वर्क) विस्तार हुने, लगानीकर्तालाई एकै ठाउँवाट कारोवार सम्वन्धी सेवा प्राप्त हुने तथा दोस्रो बजार कारोवारमा तरलता वृद्धि हुने देखिएको छ।

## धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालय स्थापना सम्बन्धमा ।

**माघ २१, २०७५ः** बोर्डले केही धितोपत्र दलाल व्यवसायीलाई शाखा कार्यालय स्थापना गर्न आवश्यक पूर्वाधार तयार गर्न सूचना जारी गरेको छ। हाल काठमाडौं उपत्यका वाहिर देशका १३ जिल्लाको ४१ स्थानवाट धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालयमार्फत सेवा प्रदान भइरहेको सन्दर्भमा देशको संघीय संरचना अनुसार वजार विस्तार गर्दै जानु पर्ने अवस्था रहेको एवं हाल धितोपत्र दलाल व्यवसायीले शाखावाट हुने कारोवार सम्वन्धित धितोपत्र दलाल व्यवसायीको केन्द्रीय कार्यालयमा आवद्ध (Integrate) भई नेप्सेको प्रणालीमार्फत हुने व्यवस्था हुन लागेको सन्दर्भमा उक्त सूचना जारी गरेको हो। यस अन्तर्गत आ.व. २०७४/०७५ भित्र (२०७५ आषाढ मसान्तसम्म) बोर्डमा शाखा कार्यालय खोल्ने निवेदन प्राप्त भएका, काठमाडौं उपत्यका वाहिरका हाल धितोपत्र दलाल व्यवसायीको शाखा नपुगेका आर्थिक रुपमा सक्रियताको आधारमा सम्भाव्य जिल्ला/स्थानहरु महेन्द्रनगर (कञ्चनपुर), बिरेन्द्रनगर (सुर्खेत), घोराही, तुलसीपुर (दाङ), भैरहवा (रुपन्देही) र जनकपुर (धनुषा) मा, शाखावाट हुने कारोवार सम्वन्धित धितोपत्र दलाल व्यवसायीको केन्द्रीय कार्यालयमा आवद्ध (Integrate) भई नेप्सेको प्रणालीमार्फत हुने व्यवस्था गर्ने गरी आठ धितोपत्र दलाल व्यवसायीलाई शाखा कार्यालय स्थापना गर्न आवश्यक पूर्वाधार तयार गर्न सूचित गरेको छ।

साथै २०७५ आषाढ मसान्त पश्चात हालसाल बोर्डमा शाखा कार्यालय स्थापनाको स्वीकृतिको लागि समेत धितोपत्र दलाल व्यवसायीहरुबाट निवेदन प्राप्त भएकोमा मुद्रा तथा पूँजी बजारमा देखिएका प्रवित्तिहरुको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीका लागि श्रोत व्यवस्थापन सम्बन्धी सुझाव समितिको प्रतिवेदन बमोजिम धितोपत्र दलाल व्यवसायलाई थप प्रतिस्पर्धी बनाउन धितोपत्र दलाल व्यवसायी सम्वन्धी विद्यमान इजाजत र संचालन नीतिमा पुनरावलोकन गर्न, वाणिज्य वैंकको सहायक कम्पनी तथा धितोपत्र दलाल व्यवसायीले अर्को धितोपत्र दलाल व्यवसायीलाई प्राप्ति (Acquire) गर्ने र गाभ्ने/गाभिने (Merger) सम्बन्धमा नीतिगत व्यवस्था गर्न धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ संशोधन मस्यौदा तयार गर्ने क्रममा रहेको सन्दर्भमा धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालय स्थापना कार्यलाई समेत अझ व्यवस्थित बनाउन नियमावलीमा थप व्यवस्था गरे पश्चात सो प्रक्रिया अगाडि बढाइने छ।

## जलविद्युत क्षेत्रमा जनताको लगानी कार्यक्रमका लागि बोर्डद्वारा बिशेष कानूनी व्यवस्था

**फागुन ५, २०७५ः** नेपाल सरकारको संरक्षकत्वमा नेपालको जलविद्युतको विकासमा आम सर्वसाधारण नेपालीलाई सहभागी गराउने उद्देश्यले नेपाल सरकारले ल्याउन लागेको जनताको जलविद्युत कार्यक्रम अनुसार आम सर्वसाधारण जनताको लागि ब्यवस्था गरिएको ४९ प्रतिशत स्वः पूँजी संकलनको लागि गरिने शेयर निष्काशन तथा बाँडफाँडलाई व्यवस्थित गर्ने सम्बन्धमा बिशेष कानूनी व्यवस्था गरिएको छ। यसका लागि आवश्यक नियम तथा कानूनी व्यवस्थाका लागि नेपाल सरकार अर्थ मन्त्रालयबाट बोर्डमा प्राप्त पत्र बमोजिम बोर्डबाट धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा दोस्रो संशोधन गरी तल बक्समा उल्लेख भए अनुसारको विशेष व्यवस्था गरिएको छ :

*१. नेपाल सरकारको कम्तीमा ५१ प्रतिशत शेयर स्वामित्व भएको जलविद्युत कम्पनीले आयोजनाको विस्तृत डिजाइन प्रतिवेदन वा आयोजनाको कुल लागत अनुमान र निर्माण अवधि खुलाई तयार गरिएको आधिकारिक विवरण तयार भई संस्थापकहरुले लिन कबुल गरेको शेयर रकमको कम्तीमा दश प्रतिशत चुक्ता भैसकेको र आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको वा सोको लागि आशयपत्र प्राप्त भएको अवस्थामा नेपाल सरकारबाट स्वीकृत कार्यक्रम बमोजिम सर्वसाधारणबाट पूँजी संकलन गरी जलविद्युत अयोजना निर्माण गर्न शेयर तथा डिबेञ्चर निष्काशन गर्न सक्ने व्यवस्था गरिएको ।*

*२. उक्त कार्यक्रम अन्तर्गतका जलविद्युत कम्पनीले शेयरको सार्वजनिक निष्काशन गर्दा त्यस्तो शेयर खरिद गर्न चाहने आवेदकले आवेदन साथ शेयरको चुक्ता मूल्यको दश प्रतिशत रकम दाखिल गर्नुपर्ने गरी आवेदन माग गर्न सक्ने ।*

*३. आवेदन गर्ने आवेदकलाई शेयर बाँडफाँड हुने भएमा कम्पनीको दश प्रतिशत चुक्ता भएको शेयर प्रदान गरिने र उक्त शेयरधनीलाई कम्पनीले नेपाल सरकारले निर्धारण गरेको बार्षिक प्रतिफल प्रदान गर्न सक्नेछ भने यस्तो प्रतिफल शेयरको चुक्ता हुन बाँकी रकममा मिलान गर्न सकिने व्यवस्था समेत गरिएको ।*

*४. संस्थापकहरुले लिन कबुल गरेको शेयरको शत प्रतिशत रकम भुक्तानी भई आयोजनाको निर्माणको न्यूनतम पचास प्रतिशत भौतिक प्रगति भएपछि कम्पनीले शेयरधनीसँग चुक्ता हुन बाँकी रकम माग गर्न सक्ने र रकम प्राप्त भएपछि निष्काशित शेयरको चुक्ता रकम शत प्रतिशत गरी सम्बन्धित शेयरधनीलाई शेयर जारी गरिने व्यवस्था गरिएको ।*

*५. शेयरको रकम शत प्रतिशत चुक्ता भए पश्चात त्यस्तो शेयर धितोपत्रको दोस्रो बजारमा कारोबार हुन सक्ने व्यवस्था समेत गरिएको ।*

*६. शेयरको चुक्ता हुन बाँकी सम्पूर्ण रकम प्राप्त नभएमा कम्पनीले त्यसरी चुक्ता हुन बाँकी रकम बराबरको शेयर अन्य इच्छुक खरिदकर्तालाई एक महिनाको समय अवधि दिई सार्वजनिक सूचना जारी गरी बिक्री गर्न सक्ने तर सो सम्पूर्ण शेयर बिक्री हुन नसकेमा बिक्री हुन बाँकी रहेको शेयर संस्थापक शेयरधनी वा नेपाल सरकारको नाममा रहने गरी आवश्यक व्यवस्था गरिएको ।*

नेपाल सरकारले घोषणा गरेका राष्ट्रिय गौरवपूर्ण आयोजना अन्तर्गतको सबैभन्दा ठूलो विद्युत आयोजनाको रूपमा रहेको ४५६ मेघावाटको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाले रू. २६४.७५ करोड बराबरको साधारण शेयर निष्काशन गरिसकेको अवस्था छ । साथै नेपालको जलविद्युत विकासमा आम सर्वसाधारण नेपालीलाई सहभागी गराउने उद्देश्य बमोजिम नेपाल सरकारले लागू गरेको जनताको जलविद्युत कार्यक्रम अन्तर्गतको ३७ मेघावाटको त्रिशुली जलविद्युत कम्पनी लि. ले रू. ३७.०५ करोड बराबरको साधारण शेयर सर्वसाधारणलाई निष्काशन गरेका छन् । स्मरणीय छ नेपाल सरकारले उत्पादनमुलक कम्पनीहरूलाई पूँजी बजारमा सूचीकृत भएमा आय करमा १५ प्रतिशत छुटको व्यवस्था गर्नुका साथै बोर्डले समेत संगठित संस्थालाई प्रिमियम मूल्यमा धितोपत्र निष्काशन गर्न पाउने तथा जारी पूँजीको न्यूनतम १० प्रतिशत धितोपत्र सर्वसाधारणलाई निष्काशन गर्न पाउने विशेष व्यवस्था गरेसँगै यस अन्तर्गत पहिलो पटक शिवम् सिमेन्ट लि. ले कुल रू. २०२.४० करोड बराबरको साधारण शेयरको सार्वजनिक निष्काशन गरेको छ ।

## प्राइभेट इक्वीटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड जस्ता बैकल्पिक लगानी कोष प्रोत्साहन गर्न विशिष्टिकृत लगानी कोष नियमावली ।

**फागुन २७, २०७५**: बोर्डको आ.व. २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रममा स्वदेशी तथा गैरआवासीय नेपाली लगायत वैदेशिक पूँजी समेत परिचालन हुनसक्ने गरी वैकल्पिक लगानी कोष नियमावली ल्याउने कार्यक्रम रहेको साथै नेपाल सरकारको आ.व.२०७५।७६ बजेट बक्तब्यमा प्राइभेट इक्यूटी, भेञ्चर क्यापिटल र हेज फण्ड लगायतका नयाँ संस्थाहरुलाई पूँजी बजारमा प्रवेश गराइने कार्यक्रम अनुसार धितोपत्र सम्बन्धी ऐन, २०६३ को व्यवस्था बमोजिम बोर्डले प्राइभेट इक्वीटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड जस्ता बैकल्पिक लगानी कोष प्रोत्साहन गर्न "विशिष्टिकृत लगानी कोष नियमावली, २०७५" बनाई नेपाल सरकारको स्वीकृतिमा मिति २०७५।११।२२ देखि लागू गर्ने निर्णय गरेको छ । यस नियमावलीले परम्परागत लगानीको सट्टा नवीनतम ज्ञान, सीप/क्षमता भएका वा नयाँ वस्तु, सेवा, प्रविधि वा बौद्धिक सम्पत्तिसँग सम्बन्धित व्यवसाय वा नवीनतम उद्यम व्यवसायलाई सञ्चालन गर्न र यस्ता नयाँ व्यवसायहरु शुरुवात गर्न स्वदेशी तथा बैदेशिक लगानीलाई आकर्षण गर्न विशेष व्यवस्था गरी लगानीको नयाँ अवसरहरु प्रदान गर्ने व्यवस्था गरेको छ । यसमा भएका मुख्य व्यवस्थाहरु संलग्न बक्समा दिइएको छ ।

### विशिष्टिकृत लगानी कोष नियमावलीमा भएका मुख्य मुख्य व्यवस्थाहरु:

१. यस नियमावलीले कोषको उद्देश्य प्राप्तिका लागि सर्वप्रथम स्वःपूँजी वा स्वःपूँजीसँग सम्बन्धित अन्य उपकरण वा लगानी गर्ने कम्पनीका साझेदारहरुको इच्छा बमोजिम लगानी गर्ने कोष प्राइभेट इक्वीटी फण्ड, धितोपत्र सूचीकरण नभएका संचालनको शुरुवातीक्रममा रहेका वा संचालनको प्रकृया अगाडि बढिसकेका नवीनतम ज्ञान, सीप र क्षमता भएका वा नयाँ बस्तु, सेवा, प्रविधि वा बैद्धिक सम्पत्तीसँग सम्बन्धित व्यवसाय वा नवीनतम उद्यम व्यवसायलाई संचालन गर्न शेयर स्वामित्व पूँजीमा लगानी गर्ने कोष भेन्चर क्यापिटल फण्ड र लगानीको उच्च जोखिम रहेको जुनसुकै क्षेत्रमा लगानी गर्न सक्ने गरी स्थापना भएको कोष हेज फण्ड गरी मुख्यतया तीन वटा कोषहरुको व्यवस्था गरेको छ ।

२. कोष व्यवस्थापकको कार्य गर्ने उद्देश्य भई चुक्ता पूँजी कम्तीमा दुई करोड रुपैया भएका लगायतका योग्यता पुगेका प्रचलित कानून बमोजिम स्थापित संगठीत संस्थाले उक्त कोषको स्थापना तथा संचालन गर्न बोर्डबाट अनुमति पत्र प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । साथै, यो नियमावली प्रारम्भ हुनु अघि नेपाल सरकारको स्वीकृति लिई वा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई संचालनमा रहेको कोष व्यवस्थापकको हकमा यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र कोष व्यवस्थापकको अनुमति लिन निवेदन दिई सक्नु पर्ने व्यवस्था समेत गरिएको छ ।

३. प्राइभेट इक्वीटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड संचालन गर्नका लागि कोषको रकम कम्तीमा पन्ध्र करोड रुपैयाँ भएको, कोष व्यवस्थापकले कोषमा न्यूनतम दुई प्रतिशत हिस्सा लिएको र सो न्यूनतम हिस्सा निरन्तर कायम राख्ने व्यवस्था भएको (द्विपक्षीय वा बहुपक्षीय अन्तराष्ट्रिय संस्थाले लगानी गरेको कोषको हकमा उक्त व्यवस्था लागु नहुने), इकाईधनीको संख्या दुईसय भन्दा बढी नहुने, कोष बन्दमुखि प्रकृतिको भएको, इकाईधनीलाई प्रतिफल स्वरुप नगद लाभांश मात्र दिने व्यवस्था भएको र इकाईधनीले कम्तीमा पचास लाख रुपैयाँको इकाई खरिद गर्ने व्यवस्था सहित कोष दर्ताको न्यूनतम मापदण्डहरु तोकिएको छ ।

४. लगानीको जोखिम तथा प्रतिफलको विश्लेषण गरी कोषको स्वपूँजीमा लगानी गर्न सक्ने बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, अवकाश कोष, कल्याणकारी कोष, संचय कोष, नागरिक लगानी कोष जस्ता प्रचलित कानून बमोजिम मान्यता प्राप्त कोष, द्विपक्षीय वा बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थागत लगानीकर्ता, लगानी गर्न सक्ने उद्देश्य भएका प्रचलित कानून बमोजिम नेपालमा स्थापना भएका संस्था, नेपाली नागरिक तथा गैर आवासीय नेपालीलाई योग्य लगानीकर्ताको रुपमा रहने व्यवस्था गरिएको छ ।

५. कोष व्यवस्थापकद्वारा कोषको स्थापना र संचालन गर्नको निम्ति कोषको विधानमा उल्लेख हुनुपर्ने न्यूनतम व्यवस्थाहरु कोषको नाम, कोषको प्रकार, कोषको आकार र समायवधि, कोषको प्रवर्द्धन गर्न कम्तिमा दश प्रतिशत रकम लगानी गर्न प्रतिवद्धता गरेका लगानीकर्ताको विवरण, कोष संचालन तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था, कोषको लगानीको लक्षित क्षेत्र तथा लगानी प्रकृया सम्बन्धी विवरण, लगानीमा प्राप्त हुने प्रक्षेपित प्रतिफल सम्बन्धी व्यवस्था, लगानी फिर्ता हुने प्रकृया सम्बन्धी सम्बन्धी व्यवस्था, हर्डल रेट, कोष व्यवस्थापन शुल्क तथा कोष खारेजी आदि व्यवस्थाहरु गरेको छ ।

६. कोष व्यवस्थापकले योग्य लगानीकर्तासँग लगानी गर्ने सम्बन्धमा लगानी सम्झौता गर्नुपर्ने व्यवस्था गरेको छ । लगानी सम्झौतामा कोष व्यवस्थापकले कोषको रकम नेपाल सरकारको प्रचलित कानून बमोजिम लगानी गर्न निषेध गरिएको क्षेत्रहरुमा बाहेक लगानी सम्झौतामा उल्लेख भए बमोजिमको कम्पनी वा व्यवसायमा लागनी गर्न सक्ने, लगानी गरिने रकम र समयावधि, लगानीमा प्राप्त हुने प्रक्षेपित प्रतिफल, लगानी फिर्ता हुने प्रकृया, विवाद समाधान प्रकृया, हर्डल रेटको व्यवस्था, कोषको शुल्क, कोषको समाप्ति पछि सवै प्रकारको सम्पत्तिलाई नगदमा परिणत गरी कोषको दायित्व फरफारक गरी बाँकी रकम इकाईधनीलाई फिर्ता गर्नुपर्ने आदि खुलाउनुपर्ने व्यवस्था गरिएको छ ।

७. कोषले अन्तर्राष्ट्रिय संघ, संस्था वा बहुपक्षीय संस्थागत लगानीकर्तालाई इकाई निष्काशन गर्दा ऋणको रुपमा समेत इकाई निष्काशन गर्न सक्ने व्यवस्था गरिएको छ ।

८. कोष व्यवस्थापकले गर्ने कोष व्यवस्थापनलाई व्यवस्थित गर्न कोष व्यवस्थापक, संचालक समिति तथा कार्यकारी प्रमुखका योग्यता सम्बन्धी व्यवस्था गरिएको र कोष व्यवस्थापक र कोषको कारोबार पारदर्शी पार्न निम्ति छुट्टाछुट्टै वित्तीय विवरण तयार गर्ने, लेखापरिक्षण गर्दा लेखापरीक्षण सम्बन्धी प्रचलित सिद्धान्त, कानून र मापदण्ड अनुसार छुट्टाछुट्टै गर्ने जस्ता व्यवस्था गरी स्वनियमनमा समेत जोड दिइएको छ ।

९. कोषको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि सावर्जनिक निष्काशन गरी बाँडफाँट भएको मितिले एक बर्षको हुने व्यवस्था गरिएको छ ।

१०. लगानीको उच्च जोखिम रहेको जुनसुकै क्षेत्रमा लगानी गर्न सक्ने गरी स्थापना भएको हेज फण्ड संचालन सम्बन्धमा यसको संवेदशीलतालाई मध्यनजर गरी बोर्डले विशेष निर्देशिका बनाई थप व्यवस्था गरे पश्चात मात्र लागू गरिने व्यवस्था गरिएको छ ।

विकासोन्मुख पूँजी बजारमा हाल साल शुरु गरिएको बैकल्पिक लगानी कोष जस्तो आधुनिक नयाँ वित्तीय उपकरणको प्रयोगले परम्परागत लगानीको सट्टा नयाँ व्यवसायहरु सञ्चालन गर्न मद्दत भई पूँजी बजारको दायरा फराकिलो हुने, नविनतम उद्यम व्यवसायलाई सञ्चालनका लागि पूँजी जुटाउन सहज भई लगानीकर्ताहरुलाई नयाँ लगानीको अवसर प्राप्त भई स्वदेशी लगानी परिचालन हुने र बैदेशिक लगानी भित्रिनका लागि समेत सहज तथा सरल हुने हुँदा देशको आर्थिक विकासमा समेत टेवा पुग्ने देखिन्छ ।उक्त नियमावली वोर्डको वेबसाईट www.sebon.gov.np मा हेर्न सकिने छ ।

## उपत्यका वाहिरका स्थानहरुबाट लिलाम प्रक्रियामा आवेदन दिने सम्वन्धमा गरिएको थप व्यवस्था ।

**चैत्र ७, २०७५**: धितोपत्रको हकप्रद निष्काशन पश्चात बिक्री नभएको शेयरको लिलाम प्रक्रियामा काठमाडौं उपत्यकाका लगानीकर्ताहरुले मात्र आवेदन दिने सक्ने व्यवस्था रहेकोमा बोर्डले २०७४ कार्तिकबाट उपत्यका बाहिरका प्रमुख केन्द्रहरु कम्तिमा विराटनगर, विरगंज, पोखरा, वुटवल, नेपालगञ्ज, सुर्खेत तथा धनगढीबाट आवेदन दिन सक्ने व्यवस्था गरेकोमा हाल देशको प्रादेशिक संरचना तथा आर्थिक रुपमा सक्रियता तथा धितोपत्र कारोवारको अवस्था समेतका आधारमा माथि उल्लेखित स्थानका साथै बोर्डले अन्य स्थानहरु समेत थप गरी आवेदन दिन सक्ने व्यवस्था गर्न मर्चेन्ट वैकरहरुलाई परिपत्र गरेको छ ।

लिलामी शेयर आवेदन लिने व्यवस्था गरिएको काठमाडौं उपत्यका वाहिरका देहायका स्थानहरु प्रदेश न. १ को विराटनगर र विर्तामोड, प्रदेश न. २ को वीरगंज र जनकपुर, प्रदेश न. ३ को हेटौंडा र नारायणगढ, प्रदेश न. ४ अर्थात गण्डकी प्रदेशको पोखरा र बाग्लुङ, प्रदेश न. ५ को बुटवल, घोराही र नेपालगञ्ज, प्रदेश न. ६ अर्थात कर्णाली प्रदेशको सुर्खेत र प्रदेश न. ७ अर्थात सुदुरपश्चिम प्रदेशका् धनगढी र महेन्द्रनगरमा केन्द्र हुने व्यवस्था गर्नका लागि पत्राचार गरिएकोमा सो कार्यान्वयनमा आईसकेको छ । उल्लेखित व्यवस्थावाट धितोपत्रको हकप्रद निष्काशन पश्चात बिक्री नभएको हकप्रद सेयर लिलाम प्रक्रियामा लगानीकर्ताले सहज तथा सरल ढंगले आवेदन दिन सक्ने तथा धितोपत्र बजारको क्षेत्र अझ विस्तार हुने बोर्डको अपेक्षा रहेको छ ।

## स्थायी लेखा नंबर सम्बन्धमा

**फागुन ३०, २०७५**: बोर्डले धितोपत्रको दोस्रो बजारमा हुने धितोपत्रको कारोबारमा चरणबद्ध रुपमा प्यान लागु गर्ने भएको छ । नेपाल सरकारको आर्थिक बर्ष २०७५।७६ को नीति तथा कार्यक्रममा र बजेट कार्यान्वयन कार्ययोजनामा दोस्रो बजार मार्फत शेयर खरिद गर्दा लगानीकर्ताले स्थायी लेखा नंबर लिएको प्रमाण पेश गर्नुपर्ने नीतिगत व्यवस्था गर्ने कार्यक्रम रहेको थियो । सो व्यवस्था कार्यान्वयन गर्ने क्रममा बोर्डबाट बि.स.. २०७६ बैशाख १ गतेबाट दोस्रो बजारमार्फत् शेयर खरिद गर्दा स्थायी लेखा नंबर अनिवार्य गर्ने व्यवस्था गरिएकोमा बोर्डले लगानीकर्ता तथा सम्बद्ध पक्षहरुसँग गरिएको छलफलको सुझाव तथा निष्कर्ष एवं नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्राप्त उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिको बैठकको निर्णयानुसारको निर्देशनलाई दृष्टिगत गरी बि.स.. २०७६ बैशाख १ गतेबाट धितोपत्रको दोस्रो बजारमा एक पटकमा रु.५ लाख वा सोभन्दा बढी कारोवार गर्ने लगानीकर्ताहरुलाई स्थायी लेखा नम्बर (प्यान) अनिवार्य गर्ने र सो भन्दा कम लगानी गर्ने तथा साना लगानीकर्ताहरुलाई प्रोत्साहित गर्न हाललाई ऐच्छिक रुपमा गर्न सक्ने व्यवस्था बोर्डबाट गरिएको छ ।

## सर्किट ब्रेकरमा नयाँ व्यवस्था

**चैत १९,२०७५**: बोर्डले सर्किट ब्रेकर सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासको समेत मध्यनजर गरी बजार प्रभावित गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न नेप्से सूचकांक बढ्दा र घट्दा सर्किट ब्रेक लाग्ने व्यवस्थालाई समसामयिक बनाउन अन्तर्राष्ट्रिय अभ्यास समेतको अध्ययन गरी कार्यान्वयनका लागि बोर्डमा पेश गर्न मिति २०७५ पुष १८ मा नेप्सेलाई निर्देशित गरे अनुरुप नेपाल स्टक एक्सचेञ्ज लि. ले धितोपत्रको दोस्रो बजार सूचकांकमा लगाउँदै आएको सर्किट ब्रेकरको व्यवस्थालाई परिमार्जन गरेको छ उक्त व्यवस्था लागू भएको हो। नयाँ गरिएको व्यवस्था अनुसार मिति २०७५ चैत १९ देखि बक्समा उल्लेख भए बमोजिमको धितोपत्रको कारोबारमा सर्किट लाग्ने भएको छ :

### सर्किट ब्रेकर र यस सम्बन्धी भएको नयाँ व्यवस्था

*धितोपत्रको दोस्रो बजारमा कारोबार हुने धितोपत्रको बजार मूल्यमा अप्रत्यासित रुपमा बढ्ने वा घट्ने अवस्था आएमा उक्त धितोपत्रको कारोबार निश्चित समयको लागि रोक लगाइने प्रणालीलाई सर्किट ब्रेकर भनिन्छ। २०६३ सालबाट सूचकांकमा आएको अंकको परिवर्तनको आधारमा सर्किट ब्रेकर लगाउन थालिएकोमा २०६४ सालबाट सूचकांकमा आएको प्रतिशतको आधारमा सर्किट ब्रेकर लगाउन थालिएको हो। हाल नेप्सले यस सम्बन्धमा गरेको नयाँ व्यवस्था देहाय बमोजिम रहेको छ।*

- कारोबार शुरू भएको पहिलो एक घण्टामा चार प्रतिशतले घटे वा बढेमा २० मिनेट,
- दोस्रो घण्टामा पाँच प्रतिशले घटे वा बढेमा ४० मिनेट,
- तेस्रो घण्टा वा त्यसपछिको समयमा छ प्रतिशतले घटे वा बढेमा बाँकी पूरै दिनको कारोबार स्थगित हुने।

यस अघि पहिलो एक घण्टामा नेप्से सूचकांकमा तीन प्रतिशतले बढ्ने वा घट्ने भएमा १५ मिनेटका लागि कारोबार स्थगन, त्यसपश्चात कारोबार खुलेपछि चार प्रतिशतले परिवर्तन भएको अर्को ३० मिनेटका लागि कारोबार स्थगन गर्ने र त्यसपश्चात खुलेको बजारमा नेप्से सूचकांकमा पाँच प्रतिशतले परिवर्तन भएमा उक्त दिन बाँकी पुरै समयका लागि कारोबार स्थगन हुने व्यवस्था रहेको थियो।

## सार्वजनिक निष्काशनमा न्यूनतम १० कित्ता आवेदन दिन पाउने सहभागितामूलक व्यवस्था

**चैत २७, २०७५**: बोर्डबाट सार्वजनिक निष्काशनमा न्यूनतम १० कित्ता पनि आवेदन गर्न पाउने व्यवस्था गरेको छ। सवै वर्गका लगानीकर्ताहरुको सहभागिता बढाउन उपलब्ध भएसम्म सबै आवेदकहरुले १० कित्ता शेयर पाउने समावेशी वितरण प्रणाली र आस्वा प्रणाली कार्यान्वयनमा आएसँगै काठमाडौं बाहिर सहित देशैभर साना तथा आम लगानीकर्ताको सहभागिता बढ्दै गएको परिप्रेक्ष्यमा यसलाई थप व्यवस्थित बनाउनका लागि उक्त व्यवस्था लागू भएको हो। यसअघि सार्वजनिक निष्काशनमा न्यूनतम ५० कित्ता आवेदन गर्न सक्ने व्यवस्था रहेको थियो। नयाँ व्यवस्थाबाट पूँजी बजारमा विद्यार्थीसहित स-साना पूँजी भएको वर्ग समेतको सहभागिता बढ्ने र चालु आर्थिक वर्षको एक नेपाली एक डिम्याट खाता अभियानमा समेत व्यापक सहभागिता बढ्ने देखिएको छ।

## लगानीकर्तासँग पहिलो प्रत्यक्ष रेडियो संवाद कार्यक्रम सम्पन्न

**वैशाख ४, २०७६**: बोर्डले नयाँ वर्ष २०७६ को पहिलो बुधबार अर्थात बैशाख ४ गतेबाट लगानीकर्तासँग प्रत्यक्ष रेडियो संवाद कार्यक्रमको प्रसारण शुरूवात गरेको छ। धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी सर्वसाधारणको सचेतना अभिवृद्धि तथा गुनासा/जिज्ञासाहरू सम्बोधन गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त कार्यक्रम रेडियो कान्तिपुरबाट बिहान ७ :३० देखि ८:०० बजेसम्म लाइभ प्रसारण भएको हो। बोर्ड अध्यक्ष डा.रेवत बहादुर कार्की तथा बोर्डका उच्च तहका कर्मचारीहरूको उपस्थितिमा सञ्चालन भएको उक्त कार्यक्रममा धितोपत्र बजार र यसको पछिल्लो अवस्थाको बारेमा प्रश्न सोधिएको थियो भने केही सर्वसाधारणले बजार सम्बन्धमा आफ्ना गुनासाहरू राखेकोमा अध्यक्ष डा. कार्कीले सोको सम्बोधन गर्नुभएको थियो।

प्रत्यक्ष रेडियो संवाद कार्यक्रम आगामी दिनमा प्रत्येक महिनाको पहिलो बुधबार बिहान ७:३० देखि ८:०० बजेसम्म नियमित रूपमा लाइभ प्रसारण हुने छ। सर्वसाधारण लगानीकर्ताले फोन नं. ०१-५५४१९०५, ५५४१९०६ मा सम्पर्क गरी कार्यक्रममा सहभागी हुन सक्नेछन्। पछिल्लो समय बोर्डले वित्तीय साक्षरता अभिवृद्धि तथा लगानीकर्ताका गुनासा/जिज्ञासाहरूको सुनुवाई गर्ने संयन्त्रलाई प्रभावकारी बनाउँदै लगेको हुँदा एकातिर साक्षर एवं सचेत लगानीकर्ताको संख्यामा वृद्धि हुने तथा अर्कोतर्फ उनीहरूको गुनासा/जिज्ञासाहरू समयमै सम्बोधन भइ वोडलाई यसबाट समेत नियम सुधार गर्दै जान सघाउ हुने विश्वास बोर्डको रहेको छ।

## वस्तु विनिमय बजार सञ्चालनको पूर्व स्वीकृतिका लागि नयाँ आवेदन दिने व्यवस्था

**वैशाख १२, २०७६**: वस्तु विनिमय बजार संचालन गर्न बोर्डमा पाँच वटा प्रस्तावित कम्पनीहरुले पूर्व स्वीकृतिका लागि निवेदन पेश गरेकोमा वस्तु बजार सम्बन्धी नियमावली, २०७४ को नियम ५ बमोजिम उक्त कम्पनीहरुले सम्पूर्ण कागजात तथा विवरणहरु पेश गरेको नदेखिएकाले वस्तु विनिमय बजार सञ्चालन गर्न पूर्व स्वीकृतिका लागि आएका पाँचै निवेदकहरुलाई बोर्डले पूर्व स्वीकृति प्रदान गर्न इन्कार गर्ने निर्णय बोर्डबाट गरिएको छ।

मुलुकको अर्थतन्त्रको आकार, औद्योगिक व्यवसायको विकास, वस्तु कारोवारको सम्भाव्यता तथा लगानीकर्ताको हित संरक्षणलाई समेत दृष्टिगत गरी हाललाई बोर्डबाट दुईवटा मात्र वस्तु विनिमय बजार सञ्चालन गर्न स्वीकृति प्रदान गरिने नीतिगत निर्णय गरेको छ। त्यस अनुसार नयाँ आवेदन दिन चाहने आवेदकका लागि बोर्डले आव्हान समेत गरिसकेको छ। यसरी वस्तु विनिमय बजार संचालनका लागि पूर्व स्वीकृति प्रदान गर्दा प्रस्तावित कम्पनीको पूँजी र रणनीतिक साझेदार, प्रस्तावित प्रविधि, व्यवसायिक योजना, संस्थागत स्वामित्व संलग्नता र व्यवस्थापनको योग्यताको आधारमा उत्कृष्ट दुईवटा आवेदकलाई छनौट गरिने भएको छ। साथै उपर्युक्त बमोजिम इन्कार गरिएका आवेदकले समेत पूर्व स्वीकृतिका लागि पुनः आवेदन गर्न सकिने व्यवस्था समेत गरिएको छ।

## धितोपत्र बजारमा नयाँ वित्तीय औजारको रुपमा खुलामुखी सामूहिक लगानी योजना

**वैशाख १५, २०७६ः** बोर्डले धितोपत्र बजारमा नयाँ वित्तीय औजार भित्र्याउने क्रममा खुलामुखी सामूहिक लगानी कोष योजना संचालन गर्न एक योजना व्यवस्थापकलाई मिति २०७६ वैशाख १५ मा अनुमति प्रदान गरेको छ। बोर्डको आ.ब. २०७५।७६ को नीति तथा कार्यक्रममा धितोपत्र बजारमा सामूहिक लगानी कोष अन्तर्गत खुलामुखी योजना (Open end Mutual Fund Scheme) लाई समेत प्रवेश गराउने कार्यक्रम रहे अनुरुप बोर्डले प्रयोगात्मक रुपमा प्रारम्भिक आकार रु. ५० करोड रहने गरी पहिलो खुलामुखी सामूहिक लगानी योजना संचालन गर्न अनुमति प्रदान गरेको हो। उक्त योजना अन्तर्गत पहिलो चरणमा १२ करोड ५० लाख बराबरको ईकाइहरु सार्वजनिक निष्काशनको माध्यमबाट बिक्री खुल्ला हुनेछ।

वि. सं. २०६७ सालमा सामूहिक लगानी कोष नियमावली लागू भए पश्चात बोर्डबाट हालसम्म करीव १६ अर्ब रुपैयाँ बराबरको १७ वटा बन्दमुखी योजना (Close end Mutual Fund Schemes) हरुले स्वीकृति पाएकोमा हाल २ योजना परिपक्व भई १३ मात्र संचालनमा रहेको छ। यस्ता योजनाहरुले इकाई बिक्रीबाट संकलन गरेको पूँजीलाई योजनाको उद्देश्य अनुरुप सूचीकृत साधारण शेयरहरुमा लगानी गर्ने, मुद्दती खातामा निक्षेप गर्ने, सरकारी तथा संस्थागत ऋणपत्रमा लगानी गरी परिचालन गर्दछन्। योजना संचालनबाट प्राप्त मुनाफालाई लाभांशको रुपमा इकाईधनीहरुलाई वितरण। गर्दछन् यसका विशेषताहरु तल बक्समा दिइएको छ ।

### खुलामुखी योजनाको बिशेषताहरु :

- *बन्दमुखी योजना जस्तो खुलामुखी योजना स्टक एक्सचेञ्जमा सूचीकरण नहुने र धितोपत्र दलालमार्फत कारोवार नहुने।*
- *योजनाको खुद सम्पत्ति मूल्य (Net Asset Value) को आधारमा योजना व्यवस्थापकले नै योजनाको इकाईको खरिद बिक्री सुविधा उपलब्ध गराउने हुँदा लगानीकर्ताहरुले चाहेको बखत सहजै इकाई खरिद बिक्री गर्न सक्ने।*
- *खुलामुखी योजना निश्चित अवधिमा परिपक्व हुने नभई निरन्तर संचालनमा रहने।*
- *लगानीकर्ताहरुले ईकाइ खरिद गर्दा कुनै शुल्क (Entry Load) नलाग्ने।*
- *बन्दमुखी योजना जस्तै खुला मुखी योजनाको प्रति इकाई मूल्य १० रुपैयाँ हुने र न्यूनतम १००० रुपैयाँ सम्ममा इकाई खरिद गर्न सकिने।*
- *लगानीकर्ताहरुको माग अनुसार योजनाको आकार बृद्धि गर्न सकिने र नयाँ योजना समेत ल्याउन सकिने।*

खुलामुखी योजनाको प्रवेशसँगै लगानीकर्ताहरुलाई लगानीका लागि नयाँ वित्तीय औजार उपलब्ध हुने र यसबाट लगानीकर्ताहरुले लगानी विविधीकरण गर्न सहयोग पुग्ने र हाल अन्य खुलामुखी योजना समेत आउने क्रममा रहेकोमा यसबाट बजारको दायरा फराकिलो हुन सहयोग पुग्नेछ।

## म्युचुयल फण्डको सूचकांक गणनाको सुरुवात

**वैशाख २९, २०७६ः** पछिल्लो समय धितोपत्रको दोस्रो बजारमा म्युचुयल फण्डको सहभागिता बढ्दै गएको परिप्रेक्ष्यमा यस समूहको कारोबार मूल्यको वास्तविक अवस्थाको जानकारीका लागि छुट्टै सूचकांकको विकास गर्न बोर्डले मिति २०७५ श्रावण २७ मा नेप्सेलाई दिएको निर्देशानुसार नेपाल स्टक एक्सचेञ्जले यही मिति २०७६ वैशाख २९ देखि म्युचुयल फण्डको नयाँ परिसूचकको गणना शुरुवात गरेको छ। यस सूचकांकको आधार विन्दु १० अंकको हुने भएको छ। यससँगै धितोपत्रको दोस्रो बजारमा गणना हुने सूचकांकहरुको संख्या ११ पुगेको छ। यस प्रकारको समूहगत सूचकांकहरुको गणनाको सुरुवात आर्थिक वर्ष २०५५।५६ बाट नै सुरुवात भएको हो। नेप्सेले २०६३ सालमा सेन्सिटिभ सूचकांक र २०६५ सालमा फ्लोट सूचकांक र सेन्सिटिभ फ्लोट सूचकांक गणनाको सूरुवात गरेको थियो।

# धितोपत्र बजारको स्थिति

*चालु आ. व. २०७५।७६ को प्रथम दश महिनामा नेपालको धितोपत्र बजारमा भएको उल्लेख्य सुधारले गर्दा बजारमा समग्रमा केहि सुधारोन्मुख देखिएको छ । दुवै बजारका केहि परिसुचकमा सुधार आएको देखिन्छ । यस आ.व. को प्रथम दश महिनामा धितोपत्रको प्राथमिक बजार र दोस्रो बजारको समीक्षा देहाय अनुसार प्रस्तुत गरिएको छ ।*

## चालु आ.व. को प्रथम दश महिनामा धितोपत्र प्राथमिक बजारको स्थिति

चालु आर्थिक वर्ष २०७५।७६ को प्रथम दश महिना अर्थात २०७६ वैशाख मसान्तसम्म धितोपत्रको प्राथमिक बजारमा साधारण शेयरको प्राथमिक निष्काशन र ऋणपत्र निष्काशनमा उल्लेखनीय वृद्धि आएको छ । यद्यपि गत वर्षको सोही अवधिको तुलनामा हकप्रद निष्काशनमा कमी आएका कारण कुल सार्वजनिक निष्काशन संख्या र रकममा भने केही कमी आएको छ ।


समीक्षा अवधिमा बोर्डले कुल ४९ संगठित संस्थालाई कुल रु. ३१.४६ अर्ब बराबरको पूँजी परिचालनका लागि अनुमति प्रदान गरेको छ जुन गत वर्षको सोही समयावधिको तुलनामा क्रमशः २५.८ प्रतिशत र १३.३ प्रतिशतले कम हो । समीक्षा अवधिमा सबैभन्दा बढी पूँजी परिचालन ऋणपत्र निष्काशनमार्फत् भएको देखिन्छ । यस अवधिमा बोर्डले आठ वाणिज्य बैंकहरुलाई कुल रु. १७.५८ अर्ब बराबरको ऋण पूँजी संकलनका लागि ऋणपत्र निष्काशनको अनुमति प्रदान गरेको छ जुन कुल पूँजी परिचालनको करिब ५६ प्रतिशत हो ।

यस्तै बोर्डले कुल २५ संगठित संस्थाले कुल रु. ७.२४ अर्ब बराबरको स्वामित्व पूँजी संकलनका लागि साधारण शेयर निष्काशन अनुमति प्रदान गरेको छ जुन गत वर्षको सोही समयावधिको तुलनामा करिब १४० प्रतिशतले बढी हो । यस अवधिमा बोर्डले तीन सामूहिक लगानी कोषलाई कुल रु. २.७ अर्ब बराबरको सामूहिक लगानी योजना निष्काशनका लागि अनुमति प्रदान गरेको छ जसमा बोर्डले पहिलोपटक खुला मुखी योजना सञ्चालनका लागि समेत अनुमति प्रदान गरेको छ । विगत तीन आर्थिक वर्षको प्रथम दश महिनाको प्राथमिक बजारको अवस्था क्रमशः तालिका १ तथा चार्ट १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १**
**धितोपत्रको प्राथमिक बजार (प्रथम दश महिनामा आधारित)**

| क्रस | विवरण | आर्थिक वर्ष | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७३/७४ | | २०७४/७५ | | २०७५/७६ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ |
| १ | प्राथमिक निष्काशन | १४ | १.२ | १३ | ३.० | २५ | ७.२४ | -७.१४ | ९२.३१ | १५१.६७ | १३९.७४ |
| २ | हकप्रद निष्काशन | ५८ | ३७.५ | ४५ | २२.८ | १३ | ३.९४ | -२२.४१ | -७१.११ | -३९.२५ | -८२.७० |
| ३ | थप निष्काशन | ३ | ७.८ | ३ | २.७ | - | - | ०.०० | - | -६५.६८ | - |
| ४ | ऋणपत्र | - | - | १ | ३.० | ८ | १७.५८ | - | ७००.०० | - | ४८६.०० |
| ५ | म्युचुअल फण्ड | ४ | ४.३ | ४ | ४.८ | ३ | २.७ | ०.०० | -२५.०० | १२.९४ | -४३.७५ |
| | जम्मा | ७९ | ५०.७३ | ६६ | ३६.२७ | ४९ | ३१.४६ | -१६.४६ | -२५.७६ | -२८.५० | -१३.२६ |

**चार्ट १: विगत तीन आर्थिक वर्षको प्रथम दश महिनामा प्राथमिक बजारको प्रवृति**




## चालु आ.व. को प्रथम दश महिनामा धितोपत्र दोस्रो बजारको स्थिति

चालु आ.व. को प्रथम दश महिनामा धितोपत्रको दोस्रो बजारको स्थिति मिश्रित रहेको देखिन्छ । उक्त अवधिमा नेप्से सूचकांक, कारोबार रकम तथा संख्यामा केही संकुचन आएको देखिएतापनि सूचीकृत कम्पनीको संख्या, सूचीकृत धितोपत्रको संख्या, बजार पूँजीकरणजस्ता


सूचकांकका आधारमा केही बढोत्तरी आएको देखिन्छ । समीक्षा अवधिमा धितोपत्रको दोस्रो बजारमा पूर्ण स्वचालित अनलाइन कारोबार प्रणालीको कार्यान्वयन, धितोपत्र दलाल व्यवसायीमार्फत् मार्जिन कारोबारको व्यवस्था जस्ता कारणहरूबाट बजारमा नयाँ आयाम थपिएको छ ।

गत आ.व. को प्रथम दश महिनाको अवधिमा सूचीकृत कम्पनीको संख्या १९६ रहेकोमा चालु आ. व. को सोही अवधिमा सो संख्यामा ६.६ प्रतिशतले वृद्धि भई २०९ पुगेको देखिन्छ। गत आ.व. को वैशाख महिनाको अन्त्यमा १३३८.१७ बिन्दु रहेको नेप्से सूचकांकमा १.७ प्रतिशतले सीमान्त ह्रास आई चालु आर्थिक वर्षको सोही समयावधिको अन्त्यमा १३१५.४५ बिन्दुमा रहेको छ। सोही अवधिमा ९६.५४ बिन्दुमा रहेको नेप्से फ्लोट सूचकांक ०.१ प्रतिशतको सीमान्त ह्रास भई चालु आर्थिक वर्षको वैशाख मसान्तमा ९६.४३ बिन्दुमा रहेको छ। गत आ.व. को वैशाख मसान्तमा कुल बजार पूँजीकरण रु. १५७०.२७ अर्ब रहेकोमा चालु आर्थिक वर्षको सोही महिनाको अन्त्यमा बजार पूँजीकरण चार प्रतिशतले वृद्धि आई रु. १६३२.७५ अर्ब पुगेको छ । विगत तीन आर्थिक वर्षको प्रथम दश महिनाको धितोपत्रको दोस्रो बजारको स्थिति तालिका २ तथा नेप्से सूचकांक तथा फ्लोट सूचकांकको स्थिति चार्ट २ मा प्रस्तुत गरिएको छ।

**तालिका २**
**धितोपत्रको दोस्रो बजार (प्रथम दश महिनामा आधारित)**

| क्र.स. | विवरण | इकाई | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ |
| १ | सूचीकत कम्पनीको संख्या | संख्या | २१० | १९६ | २०९ | -६.७ | ६.६ |
| २ | सूचीकृत धितोपत्रको संख्या | संख्या करोडमा | २८२.६६ | ३४८.६४ | ४१४.७९ | २३.३ | १९.० |
| ३ | धितोपत्रको कारोबार | रु. अर्बमा | १७८.९३ | १०७.१९ | ८२.८३ | -४०.१ | -२२.७ |
| ४ | कारोबार दिन | दिनमा | १८९ | १८८ | २०३ | -०.५ | ८.० |
| ५ | औसत दैनिक कारोबार रकम | रु. करोडमा | ९४.६७ | ५७.०१ | ४०.८० | -३९.८ | -२८.४ |
| ६ | कारोबार भएको कुल शेयर संख्या | संख्या करोडमा | ३३.६८ | २५.३९ | २८.७८ | -२४.६ | १३.४ |
| ७ | कारोबार संख्या | संख्या | १,११६,५७९ | १,१२६,१२२ | १,०८०,५२४ | ०.९ | -४.० |
| ८ | सूचीकृत धितोपत्रको बजार पूँजीकरण | रु.अर्बमा | १,९२५.६५ | १,५७०.२७ | १,६३२.७५ | -१८.५ | ४.० |
| ९ | फ्लोट बजार पूँजीकरण | रु.अर्बमा | ६६५.६२ | ५२९.९३ | ५७१.६६ | -२०.३८ | ७.८७ |
| १० | बजार पूँजीकरणमा कारोबारको प्रतिशत | प्रतिशतमा | ११.२ | ८.२ | ६.१ | -२६.५ | -२५.७ |
| ११ | फ्लोट बजार पूँजीकरणमा कारोबारको प्रतिशत | प्रतिशतमा | ३२.२७ | २४.२७ | १७.३९ | २४.७६ | -२८.३५ |
| १२ | नेप्से सूचकांक | विन्दुमा | १६५८.५८ | १३३८.१७ | १३१५.४५ | -१९.३ | -१.७ |
| १३ | नेप्से सेन्सिटिभ सूचकांक | विन्दुमा | ३५३.७९ | २८२.१८ | २७९.७४ | -२०.२ | -०.९ |
| १४ | नेप्से फ्लोट सूचकांक | विन्दुमा | १२२.७८ | ९६.५४ | ९६.४३ | -२१.४ | -०.१ |

**चार्ट २: नेप्से तथा नेप्से फ्लोट सूचकांकको प्रवृति**
**(प्रथम दश महिनामा आधारित)**



## आर्थिक वर्ष २०७५।७६ को प्रथम दश महिनामा धितोपत्र बजार सहभागीको स्थिति

हालैका वर्षहरुमा धितोपत्र सम्बन्धी विभिन्न प्रकारको सेवा प्रदान गर्ने धितोपत्र बजार सहभागीको संख्या विस्तार हुँदै गएको देखिन्छ। यस क्रममा सूचीकृत कम्पनीको संख्या समेत वद्धि भई २०९ पुगेको छ भने मर्चेन्ट बैंकर, निक्षेप सदस्यको अनुमति लिने संस्थाको संख्यामा समेत वृद्धि देखिएको छ। यससँगै चालु आर्थिक वर्षको प्रथम दश महिनामा धितोपत्र बजारमा बजार सहभागीको सख्या ४३९ पुगेको छ। समीक्षा अवधिमा धितोपत्र बजार सहभागीको संख्यात्मक अवस्थालाई तालिका ३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३**
**धितोपत्र बजारमा बजार सहभागीको संख्यात्मक अवस्था**

| क्र.स. | बजार सहभागी | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ वैशाख |
| १ | स्टक एक्सचेन्ज | १ | १ | १ | १ |
| २ | केन्द्रीय निक्षेप कम्पनी | १ | १ | १ | १ |
| ३ | सूचीकृत कम्पनी | २२९ | २१२ | १९६ | २०९ |
| ४ | धितोपत्र दलाल | ५० | ५० | ५० | ५० |
| ५ | मर्चेन्ट बैंकर | १७ | २४ | २५ | ३० |
| ६ | निक्षेप सदस्य | ६६ | ६७ | ७० | ७२ |
| ७ | आस्वा सहभागी | – | ५२ | ६५ | ६३ |
| ८ | सामूहिक लगानी कोष | ६ | ९ | ११ | ११ |
| ९ | क्रेडिट रेटिङ्ग एजेन्सी (शाख मुल्याङ्कन) | १ | १ | २ | २ |
| | **जम्मा** | ३७१ | ४१७ | ४२१ | ४३९ |

## छलफल/अन्तरक्रिया कार्यक्रम

### बोर्ड तथा सर्वोच्च अदालत बार एशोसिएशनद्वारा संयुक्त रुपमा आयोजित अन्तरक्रिया तथा छलफल कार्यक्रम ।

**माघ २५, २०७५:** बोर्ड तथा सर्वोच्च अदालत बार एशोसिएशनद्वारा मिति २०७५ माघ २५ मा संयुक्त रुपमा आयोजित धितोपत्र बजार, नियमन तथा कानूनी व्यवस्था र अदालती अभ्यास विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम पूर्व न्यायाधीश तथा अधिवक्तासहित करिब १२० जनाको सहभागितामा सम्पन्न भएको छ। सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री खगेन्द्र प्रसाद अधिकारीको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा प्रमुख अतिथिको आसनबाट सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हाले विगतको प्राथमिक बजारमा भोगेका कठिनाइहरुको स्मरण गर्दै पछिल्लो समयमा नेपालको धितोपत्र बजारले एक फड्को मारेको बताउनुभयो। उहाँले यस बजारको आकार, क्षेत्र तथा दायरा विस्तार भएका कारण कानून व्यवसायीका लागि एक महत्वपूर्ण विषय भएको बताउँदै यस क्षेत्रसंग सम्बन्धित विभिन्न प्रकारका मुद्दा, मामिला आउन सक्ने भएकाले कानून व्यवसायीहरुले अध्ययन तथा अनुभवका आधारमा यस बजारप्रति आफ्नो ज्ञान विस्तार गर्न आवश्यक भएकोले यस प्रकारको अन्तरक्रिया तथा छलफल कार्यक्रम विशेष रहने धारणा राख्नुभयो। उहाँले धितोपत्र बजारका साथै वस्तु विनिमय बजार पनि नयाँ प्रकृतिको विषय भएकाले यसमा लगानी गरी प्रतिफल प्राप्त गर्न ज्ञान तथा कौशलता (Knowledge and Skill) दुवै आवश्यक हुने हुँदा यस बारेमा सर्वसाधारणलाई प्रशिक्षित गर्नुपर्ने बताउनुभयो। उहाँले धितोपत्र बजार केवल लगानी र प्रतिफलको विषय मात्र नभई देशको आर्थिक विकासको संवाहक भएको धारणा समेत राख्नुभयो।




*बोर्ड तथा सर्वोच्च अदालत बार एसोसिएशनले संयुक्त रुपमा आयोजना गरेको कार्यक्रमको एक झलक*

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यक्रमका विशेष अतिथि तथा बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीले अर्थतन्त्रमा पूँजी परिचालनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने पूँजी बजार विकसित देशहरुमा महत्वपूर्ण संयन्त्रको रुपमा रहेकोमा नेपालमा पनि यस बजारको दायरा विस्तार हुँदै गएको भनाई राख्नुभयो । उहाँले बैंक, वित्तीय संस्था, जलविद्युत कम्पनी, बीमा, होटल लगायत अन्य वास्तविक क्षेत्रका कम्पनीहरुको समेत उपस्थिति रहेको नेपालको पूँजी बजार पछिल्लो समय संरचनात्मक सुधारको क्रमबाट अगाडि बढेको समेत बताउँनुभयो । उहाँले प्राथमिक बजार देशव्यापी भएको तथा दोस्रो बजार क्रमशः देशव्यापी हुँदै गएको सन्दर्भमा बजार सहभागीको व्यवसायिक क्षमता अभिवृद्धि गर्दै परस्परमा बाझिएका कानूनहरु मिलाउने, ट्रष्ट ऐन तथा म्युचुअल फण्डसम्बन्धी ऐनको तर्जुमा, विद्यमान ऐन नियमहरुलाई समयसापेक्ष बनाउने र बजार गतिविधि तथा सेवाहरुलाई उच्च प्रविधियुक्त बनाई स्तरीय एवं विश्वसनीय धितोपत्र तथा वस्तु विनिमय बजारको विकास तथा विस्तार गर्न चुनौतीपूर्ण भएको धारणा राख्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि श्री सिन्हाले प्राविधिक सत्रमा चार वटा प्रस्तुति रहेको उक्त कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरीले धितोपत्र बजारको वर्तमान अवस्था र सुधार तथा बोर्डका उप कार्यकारी निर्देशक श्री मुक्तिनाथ श्रेष्ठले धितोपत्र बजारमा रहेका कानूनी व्यवस्थाका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो भने नेपाल स्टक एक्सचेन्ज लि. का का.मु. प्रबन्धक श्री निरञ्जन फुँयालले धितोपत्रको दोस्रो बजार विषयमा र अधिवक्ता श्री शिव प्रसाद रिजालले  धितोपत्र बोर्डसम्बन्धी कानूनी व्यवस्थाहरु र अदालती अभ्यासका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरुले नेप्सेको उत्तारचढाव, सर्किट ब्रेकर, नयाँ कारोबार प्रणालीमार्फत् भएको माथिल्लो तामाकोशीको सम्पूर्ण शेयर कारोबार रद्द, दोस्रो बजार मूल्यमा भएको निरन्तर गिरावट, लगानीकर्ताको हक हित संरक्षण, जलविद्युत कम्पनीको शेयर स्वामित्वको निश्चित समयसीमा तथा नियमन लगायतका विषयहरुमा उठाएका जिज्ञासाहरुको सम्बोधन सम्बन्धित कार्यपत्र प्रस्तोता र बोर्ड अध्यक्ष डा. कार्कीले गर्नुभएको थियो ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै कार्यक्रमका अध्यक्ष श्री अधिकारीले बोर्ड र कानून व्यवसायीबीच भएको यस प्रकारको संवादले कानूनी व्यवसायीको भूमिका बढेको साथै थप जिम्मेवार बनाएको बताउनुभयो । उहाँले कानून प्रवलीकरणमा बोर्डको समेत भूमिका रहेको जानकारी प्राप्त भएको बताउँदै धितोपत्र बजारमा भए गरेका कानूनी अभ्यासलाइ थप सुदृढीकरण तथा पारदर्शी अदालती प्रक्रियाका लागि कानून व्यवसायी थप सक्रिय भई मार्गनिर्देशक हुन सक्नु पर्ने धारणा राख्नुभयो । सर्वोच्च अदालत बार एशोसिएशनका उपाध्यक्ष अधिवक्ता श्री राजु खड्काले स्वागत मन्तव्य दिनुभएको सो कार्यक्रममा उपस्थित सबैलाई बोर्डका कार्यकारी निर्देशक श्री परिष्ट नाथ पौड्यालले धन्यवाद दिनुभएको थियो भने कार्यक्रमको सञ्चालन सर्वोच्च अदालत बार एशोसिएसनका सचिव अधिवक्ता श्री शुभन राज आचार्यले गर्नुभएको थियो ।

## धितोपत्र बजारमा स्थायी लेखा नम्बर (प्यान) को व्यवस्था सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रम

**फागुन** १३, **२०७५**: बोर्डले आज मिति २०७५ फागुन १३ मा धितोपत्र बजारमा स्थायी लेखा नम्बर (प्यान) को व्यवस्था विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरेको छ । उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत, नेप्से, सिडिएससी, मर्चेन्ट बैंकर एशोसिएसन, स्टक ब्रोकर एशोसिएसनका साथै विभिन्न लगानीकर्ता संघसंस्थाका पदाधिकारी एवं सर्वसाधारण लगानीकर्ताहरुसहित करिब ७० जनाको उपस्थितिमा रहको थियो । नेपाल सरकारको आ.व. २०७५।७६ को बजेट कार्यान्वयन योजना अन्तर्गत धितोपत्रको दोस्रो बजारमार्फत शेयर खरिद गर्दा खरिदकर्ताले अनिवार्य रूपमा स्थायी लेखा नम्बर लिएको प्रमाण पेश गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयन गर्ने सम्बन्धमा बोर्डद्वारा आयोजित उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीका प्रमुख कर अधिकृत श्री टंकनाथ पौडेलले प्यान सम्बन्धी कानूनी व्यवस्था, प्यान लिने प्रक्रिया तथा आवश्यक कागजात र यो लिँदाका फाइदा सम्बन्धमा जानकारी गराउनु भएको थियो ।

नेपाल ईन्भेष्टर्स फोरम, शेयर लगानीकर्ता संघ, नेपाल पूँजी बजार लगानीकर्ता संघ, नेपाल पूँजी बजार संघ र शेयर लगानीकर्ता दबाब समूह गरी लगानीकर्ताका पाँच(५) वटा संस्थाका पदाधिकारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा पाँचै संघ संस्थाका पदाधिकारीहरुले लगानीकर्ता प्यानको विरोधी नरहेको धारणा राख्दै पूँजीगत लाभ कर अन्तिम कर हो कि होइन, अघिल्लो वर्षको वार्षिक कारोबारमा भएको घाटालाई नाफामा समायोजन गरी कर निर्धारण हुने, हाल शेयर खरिदकर्तालाई मात्रै प्यान अनिवार्य गरिएकोमा शेयर बिक्रीकर्तालाई सो व्यवस्था नभएको सम्बन्धमा, नाबालक तथा विदेशमा रहने नेपाली लगानीकर्ताले प्यान लिने सम्बन्धमा, प्यान स्वत स्फूर्त रुपमा लिने वातावरण र प्यान लिनका लागि देशभर सहज रुपमा आवश्यक पूर्वाधार नरहेको जस्ता जिज्ञासा राख्नु भएको थियो । साथै सबै लगानीकर्ताका संस्था पदाधिकारीले लगानीकर्ताको स्तर, देशको भौगोलिक अवस्थाका साथै अन्य व्यवहारिक पक्षहरुलाई समेत मध्यनजर गरी प्यान २०७६ वैशाख १ देखि अनिवार्य रुपमा लागू नगरी ऐच्छिक रुपमा लिने व्यवस्था गरी चरणबद्ध रुपमा लागू गर्नुपर्ने धारणा राख्नुभएको थियो । त्यसैगरी कार्यक्रममा धितोपत्र दलाल व्यवसायीको तर्फबाट हालै सञ्चालनमा ल्याइएको कारोबार प्रणाली तथा सिडिएससीको प्रणालीमा समेत प्यान ईन्ट्री गर्ने व्यवस्था नरहेको भन्दै यसमा प्राविधिक समस्या समेत रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा लगानीकर्ताहरुका तर्फबाट राखिएका केही जिज्ञाशाहरुको सम्बोधन आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत श्री पौडेल तथा उपस्थित अन्य कर अधिकृतहरुले गर्नुभएको थियो । बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीले यस कार्यक्रमबाट सरोकारवाला पक्षहरुलाई स्थायी लेखा नम्बरका सम्बन्धमा रहेका समस्या तथा व्यवहारिक पक्षको जानकारी भएको बताउनु भयो । साथै उहाँले शेयर बजारमा प्यान लागू गर्ने विषय प्राविधिक विषय समेत भएकोले यसका व्यवहारिक पक्ष र बजारको अवस्थालाई समेत ध्यान दिई सम्पूर्ण पक्ष

अघि बढ्नुपर्ने धारणा राख्दै कार्यक्रममा लगानीकर्ताहरुको तर्फबाट प्राप्त सुझाव तथा राखिएका विचारहरु सरोकारवाला निकायहरु समक्ष राखी आवश्यक सहजीकरणका लागि बोर्ड तयार रहेको समेत बताउनुभयो। बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा उपस्थित सबैलाई बोर्डका कार्यकारी निर्देशक श्री परिष्टनाथ पौडेलले धन्यवाद दिनुभएको थियो।




*स्थायी लेखा न. सम्बन्धमा जानकारी दिने उद्धेश्यले आयोजना गरिएको कार्यक्रममा सहभागी लगानीकर्ताहरु*

## धितोपत्र बजारसम्बन्धी लगानीकर्ता प्रशिक्षण कार्यक्रम

### प्रदेश न. २ को सिराह र लहानमा धितोपत्र बजार सम्वन्धी लगानीकर्ता सचेतना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

१. **लहान उद्योग वाणिज्य संघमा कार्यक्रमः** बोर्ड तथा लहान उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा २०७५ फागुन २४ गते प्रदेश न. २ को सिराहा जिल्लाको लहानमा पूँजी बजार सम्बन्धी लगानीकर्ता सचेतना तथा अन्तरक्रिया कार्यक्रम स्थानीय उद्योगी, व्यापारी, विद्यार्थीहरु, लगानीकर्ताहरु, सरकारी निकायका पदाधिकारी, व्यवसायी, पत्रकार तथा सर्वसाधारण गरी करिब १०० जनाको सहभागितामा सम्पन्न भएको छ। लहान उद्योग वाणिज्य संघका महासचिब लगन लालले संचालन गर्नुभएको उक्त कार्यक्रममा बोर्डका सहायक निर्देशक श्री तोलाकान्त न्यौपानेले धितोपत्र बजार तथा वस्तु विनिमय बजारका विविध आयामहरु सम्बन्धमा कार्यपत्र प्रस्तुति गर्नुभएको थियो।

लहान उद्योग वाणिज्य संघका अध्यक्ष श्री अशोक अमात्यको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा प्रमुख अतिथि बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीले छरिएर रहेको पूँजीलाई एकत्रित गरी परिचालन गर्न सकिएमा देश विकासका लागि सहयोगी हुनुका साथै समयमा यो बजारलाई बुझी लगानीसम्बन्धी निर्णय लिनुपर्ने समेत विचार राख्नुभयो। साथै डा. कार्कीले देश राजनैतिक स्थिरतातर्फ गएकोले अबको प्राथमिकता आर्थिक विकासको रहेको र सोका लागि पूँजी बजारको महत्वपूर्ण भूमिका रहने हुँदा लगानीकर्ता सचेतना कार्यक्रमलाई जोड दिई तराई मधेशका जिल्लाहरुमा समेत यस्तो सचेतना कार्यक्रम संचालन गरिएको बताउनुभयो। त्यसैगरी आफ्नो क्षेत्रको विकासका लागि चाहिने पूँजी परिचालन गर्न कानूनी व्यवस्था गरी स्थानीय स्तरको ऋणपत्र निकाल्न सकिने समेत जानकारी गराउनुभयो। कार्यक्रममा लहान उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्री अशोक अग्रवालले बोर्ड यसरी स्थानीय तहमा आउनु स्वागत योग्य कदम भएको कुरा बताउँदै यस कार्यक्रमका सहभागीहरुले नेपालको वित्तीय प्रणाली तथा सेयर बजारको बारेमा ज्ञान प्राप्त गरेको मन्तव्य राख्नुभयो।

कार्यक्रमको अन्तरक्रियामा सहभागी लगानीकर्ताहरुले आफुहरुले प्राथमिक बजारबाट सहजै रुपमा खरिद गर्न सकिने व्यवस्था रहेपनि सो शेयर बिक्री गर्न सहज नभएको हुदाँ बोर्डले दोस्रो बजारको विस्तारमा जोड दिनुपर्ने सुझाव दिएका थिए। साथै कार्यक्रमको अन्त्यमा लगानीकर्ताहरुको प्रश्नको जवाफ दिदै अध्यक्ष डा. कार्कीले लगानीकर्ता तथा यस क्षेत्रका व्यवसायीको माग भएको खण्डमा छिट्टै धितोपत्र दलालको शाखा खोल्न अनुमति प्रदान गर्न सकिने कुराको जानकारी गराउनुभयो।

२. **लहानका कलेजमा कार्यक्रमः** नेपाल धितोपत्र बोर्डको आयोजनामा लहानकै जे एस मुरारका बहुमुखी क्याम्पस तथा एभरेष्ट कलेजमा छुट्टाछुट्टै कार्यक्रममा बिद्यार्थीसँग धितोपत्र बोर्ड कार्यक्रममा प्राध्यापक, शिक्षक तथा बिद्यार्थी गरी करिब ३०० जनाको सहभागितामा सम्पन्न भएको छ। सो कार्यक्रममा प्रस्तुतीको साथै प्रश्नोत्तर कार्यक्रम समेत भएको थियो।

३. **धनुषाको जनकपुरधाममा कार्यक्रमः** नेपाल धितोपत्र बोर्ड तथा जनकपुरधाम उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा यही फागुन २५ गते प्रदेश न. २ को राजधानी जनकपुरधाममा पूँजी बजार सम्बन्धी लगानीकर्ता सचेतना तथा अन्तरक्रिया कार्यक्रम स्थानीय उद्योगी,

व्यापारी, राजनैतिक व्यक्तित्व, विद्यार्थीहरु, लगानीकर्ताहरु, सरकारी निकायका पदाधिकारी, स्थानिय निकायका सदस्यहरु, व्यवसायी, पत्रकार तथा सर्वसाधारण गरी करिब १५० जनाको सहभागितामा सम्पन्न भएको छ। बोर्डका सहायक निर्देशक श्री तोला कान्त न्यौपानेले नेपालको पूँजी बजार सम्बन्धी एक झलक बिषयमा कार्यपत्र प्रस्तुति गर्नुभएको थियो । नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य तथा जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्री निर्मल कुमार चौधरीको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति, धनुषाका संयोजक श्री रामदेव यादवले सर्वसाधरणलाई समग्रमा हित हुने गरी शेयर बजारको विस्तार गर्नुपर्ने तथा चिनी उद्योगको उदाहरण दिदै उद्योगी व्यापारीले पनि जनतालाई हित हुने गरि लगानी गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा बोर्डका अध्यक्ष डा. कार्कीले बोर्ड पूँजी बजारलाई देशव्यापी बनाउनका लागि लागि परेको तथा प्रदेश नं. २ को वीरगंजमा मात्र केन्द्रित रहेको धितोपत्रको दोस्रो बजारलाई छिट्टै प्रदेश नं. २ को राजधानी जनकपुरमा ब्रोकरको शाखा कार्यालय मार्फत दोस्रो बजारको कारोबार गराउने र प्रदेश स्तरीय बोर्डको कार्यालय क्रमश स्थापना गर्दै जाने बोर्डको नीति रहेको व्यहोरा उल्लेख गर्नुभयो। साथै बोर्डले निरन्तर रुपमा यस किसिमका लगानीकर्ता सचेतना कार्यक्रम संचालन गरिरहेको विचार व्यक्त गर्दै देशको आर्थिक सम्वृद्धिका लागि आवश्यक हुने पूँजी परिचालनमा प्रदेश नं. २ का लगानीकर्ताको समेत भूमिका रहने भनाई राख्नुभयो। उक्त कार्यक्रममा अर्थशास्त्री डा. सुरेन्द्र लाभ, नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष श्री दिपेन्द्र शाह, पूँजी बजार लगानीकर्ता संघ प्रदेश नं.२ का संयोजक सरोज उप्रेती लगायतले यस प्रकारको कार्यक्रमले प्रदेश नं.२ का जनतालाई शेयर बजार सम्बन्धी जानकारी प्रदान गर्न सहयोग गरेकोले सोको निरन्तरताको माग गर्नुभएको थियो भने बोर्डका का.मु. सहायक निर्देशक श्री राजु बहादुर जि.सि.ले कार्यक्रम संचालन गर्नुभएको थियो।

४. **बिद्यार्थीसँग धितोपत्र बोर्डः** बोर्डको आयोजनामा जे एस मुरारका बहुमुखी क्याम्पस लहान, सिराह तथा एभरेष्ट कलेज, लहान, सिराहमा मिति २०७५ फागुन २६ गते बिद्यार्थीसँग धितोपत्र बोर्ड कार्यक्रममा प्राध्यापक, शिक्षक तथा बिद्यार्थी गरी करिब ३०० जनाको सहभागितामा सम्पन्न भएको छ।

## World Bank Group अर्न्तगतको International Finance Corporation, IFC सँगको सहकार्यमा धितोपत्र सम्बन्धी प्रशिक्षण कार्यक्रम ।

*बोर्डले धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी जानकारी दिने उद्देश्यले उपत्यका बाहिर लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने उद्देश्य अनुरुप विश्व बैंक समूहको अन्तर्राष्ट्रिय वित्त निगम (International Finance Corporation, IFC) को सहकार्यमा सोलुखुम्बु र रसुवागढी गरी दुई स्थानमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ ।*

बोर्ड तथा World Bank Group अर्न्तगतको International Finance Corporatation संगको सहकार्यमा मिति २०७५।१२।१६ गते सोलुखुम्बुको सल्लेरीमा, गाउँपालिका स्थानीय जनप्रतिनिधीहरु, जलविद्युत परियोजनाका कर्मचारीहरु, व्यवसायी, लगानीकर्ता, विधार्थी, पत्रकार तथा सर्वसाधारण समेत गरी करिव ७५ जनाको सहभागितामा जिल्ला समन्वय समितिको सभाहलमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।



*बोर्ड तथा IFC द्वारा संयुक्तरुपमा आयोजित धितोपत्र बजार सम्बन्धी लगानीकर्ता प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिनुहुदै बोर्डका निर्देशक श्री तेज प्रसाद देवकोटा।*

सोलुखुम्बु जिल्लामा पाँचवटा जलविद्युत आयोजना निर्माणक्रममा रहेकाले यहाँको स्थानीयहरुमा शेयर सम्बन्धी आधारभूत पक्षको जानकारी रहेको पाईयो। कार्यक्रममा सहभागीहरुले वातावरणीय परिवर्तनका कारणले खोलाहरु सुक्न जाने र जलविद्युत परियोजना दीर्घकालमा

जोखिमपूर्ण बन्ने अवस्था रहेकोमा सोको जोखिम सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउनुपर्ने, पछिल्लो समय आयोजना प्रभावित र स्थानीयलाई छुट्टयाइएको शेयर बिक्री हुन छाडेको, सूचनामा स्थानीयको पहूँच पुग्न नसकेको, जलविद्युत परियोजनाले खर्च नियन्त्रण नगरी त्यसको भार परियोजनामा पर्दा प्रतिफल कम हुने तर्फ नियामक एवं सरकारको ध्यान जानुपर्ने लगायतका विषय उठाउनुका साथै दोस्रो बजारको कारोबार, रेटिङ्ग, डिम्याट खाता, जलविद्युत परियोजनाले दिने स्थानीय शेयरको लकईन पिरियड बढी भएको सम्बन्धमा तथा परियोजनाहरुले स्थानीयलाई दिने शेयरको प्रतिशत कसरी निर्धारण हुन्छ भन्ने जिज्ञासा राखेका थिए ।

साथै सोलुखुम्बु तथा आसपासका क्षेत्रमा समेत यस किसिमको लगानीकर्ता प्रशिक्षण कार्य नियमित रुपमा संचालन गर्न अनुरोध गरेका थिए । उक्त कार्यक्रममा बोर्डका निर्देशक तेजप्रसाद देवकोटाले नेपालको वित्तीय प्रणाली, धितोपत्र बोर्डको काम कर्तव्य अधिकार, धितोपत्रको सार्वजनिक निष्काशन, प्रभावित क्षेत्रका वासिन्दाका लागि शेयर बिक्री वितरण सम्बन्धि कानूनी प्रावधान, धितोपत्र बजारमा लगानी गर्दा ध्यान पुऱ्याउनु पर्ने बिषयहरु तथा शेयरहोल्डरहरुको हकहित रक्षा सम्बन्धी ब्यवस्था सहितको प्रस्तुति गर्नुभएको थियो । साथै IFC को हाईड्रो एडभाइजरी श्री सोफिया तमोटले स्थानीय शेयर सम्बन्धी IFC को अध्ययन प्रतिवेदनको सारांश प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको संचालन बोर्डका वरिष्ठ सहायक विपिन सापकोटाले गर्नुभएको थियो ।

## सोलुखुम्बू र ओखलढुंगामा धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी लगानीकर्ता सचेतना कार्यक्रम सम्पन्न

बोर्डले लगानीकर्ता प्रशिक्षण कार्यक्रम दुर्गम जिल्लासहित देशभर विभिन्न स्थानहरुमा संचालन गरिरहेकोमा प्रदेश नं. १ को १४ जिल्लामध्ये १२ जिल्लामा यसअघि नै उक्त कार्यक्रम सम्पन्न गरिसकेको र बाकीँ दुईवटा जिल्लाहरु सोलुखुम्बु र ओखलढुंगामा हालसालै पूँजी बजार तथा वस्तु विनिमय बजारसम्बन्धी लगानीकर्ता सचेतना तथा अन्तर्क्रिया कार्यक्रम स्थानीय उद्योगी, व्यापारी, विद्यार्थी, लगानीकर्ता, सरकारी निकायका पदाधिकारी, व्यवसायी, पत्रकार तथा सर्वसाधारणको सहभागितामा सम्पन्न गरेको छ । दुवै कार्यक्रममा बोर्डका निर्देशक श्री रुपेश के.सी.ले वित्तीय तथा पूँजी बजारको महत्व, पूँजी बजार संयन्त्र, कानूनी संरचना, धितोपत्रको प्राथमिक तथा दोस्रो बजार, धितोपत्र व्यवसाय, लगानीकर्ता हकहित संरक्षण तथा वस्तु विनिमय बजारको परिचय र महत्वसम्बन्धी विषयहरु समेटि पूँजी बजारका परिचयात्मक तथा आधारभूत पक्ष विषयक कार्यपत्र प्रस्तुति गर्नुभयो । बोर्डले हालसम्म ७१ जिल्लामा लगानीकर्ता प्रशिक्षण कार्यक्रम संचालन गरेको छ ।

**क) सोलुखुम्बु कार्यक्रमः** सोलुखुम्बू जिल्लाको सरदमुकाम सल्लेरीमा बोर्ड तथा सोलुखुम्बू उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा संचालित सचेतना कार्यक्रममा करिब १५० जनाको सहभागितामा रहेको थियो । सोलुखुम्बू उद्योग वाणिज्य संघका अध्यक्ष श्री जय प्रसाद राईको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा प्रमुख अतिथि सोलुखुम्बू जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्र कुमार राना मगरले बोर्डले पूँजी बजार विकास विस्तारमा देखाएको अग्रसरताका कारण देशभर प्राथमिक बजारको पहुँच पुगेको बताउदै दोस्रो बजार विस्तारमा पनि विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । कार्यक्रमका बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीले पूँजी बजारको महत्वलाई प्रकाश पार्दै यसको विकासले देश विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । साथै, उहाँले राजनीतिक स्थिरता भएसँगै अबको प्राथमिकता आर्थिक विकास भएकोले सोको लागि आवश्यक पूँजी प्रवाह गर्ने माध्यमको रुपमा पूँजी बजारको विशेष भूमिका रहने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरुले प्राथमिक बजार प्रवेश गर्ने माध्यम तथा तरिका, जलविद्युत बाहेक पूँजी बजारबाट सोलुखुम्बु जिल्लाका वासिन्दाले फाइदा लिनसक्ने सम्भावित क्षेत्र तथा दोस्रो बजारको प्राविधिक पक्षहरुका विषयमा जिज्ञासा राख्दै बोर्डबाट स्वीकृति नलिई जलविद्युत कम्पनीको शेयर जारी भएमा बोर्डले निष्काशनकर्तालाई कडा कारवाही गर्नुपर्ने, स्थानीयलाई शेयर खरिद गर्न बढी प्राथमिकता दिई गृहणीहरुले समेत पूँजी बजारबाट फाइदा लिनसक्ने व्यवस्था गर्नुपर्ने, गाउँ गाउँमा पूँजी बजार तथा वित्तीय साक्षरता अभियान संचालन गर्नुपर्ने सुझाव दिनुभएको थियो । सहभागीबाट राखिएको जिज्ञासाहरुको संबोधन बोर्ड अध्यक्ष तथा कार्यपत्र प्रस्तोताले गर्नुभयो ।

**ख) ओखलढुंगा कार्यक्रमः** ओखलढुंगा जिल्लाको सदरमुकाम ओखलढुंगामा बोर्ड तथा ओखलढुंगा उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा संचालित कार्यक्रममा करिब १२५ जनाको सहभागिता रहेको थियो । ओखढुंगा उद्योग बाणिज्य संघका अध्यक्ष श्री ज्ञानेन्द्र कुमार मास्केको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा प्रमुख अतिथि ओखलढुंगा जिल्ला समन्वय समितिका अध्यक्ष श्री जय बहादुर श्रेष्ठले देशभर विभिन्न जिल्लामा पूँजी बजारसम्बन्धी सचेतना कार्यक्रम गर्नु सकारात्मक कार्य भएको बताउँदै अब स्थानीय तहसम्म यस्ता कार्यक्रम आयोजना हुनुपर्ने बताउनुभयो । त्यस्तै अर्का विशेष अतिथि सिद्धिचरण न.पा.का मेयर श्री मोहन कुमार श्रेष्ठले सरकारले राखेको आर्थिक सम्बृद्धिको लक्ष्य पूरा गर्ने महत्वपूर्ण माध्यमको रुपमा रहेको पूँजी बजारसम्बन्धी सचेतना कार्यक्रम राज्यको पुर्नसंरचनासँगै स्थानीय तहसम्म आउनु स्वागतयोग्य रहेको बताउदै दोस्रो बजारलाई पनि देशव्यापी बनाउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रमका विशेष अतिथि ओखलढुंगा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री गणेश आचार्यले अझै पनि केही ठाउँमा ढुंग्रोमा पैसा राख्ने चलन रहेकोले पूँजी परिचालनमा Paradigm Shift गर्न लगानीकर्ता सचेतना, प्रशिक्षण तथा वित्तीय साक्षरता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । कार्यक्रममा बोर्ड अध्यक्ष डा. रेवत

बहादुर कार्कीले प्राथमिक बजार देशव्यापी भइसकेको सन्दर्भमा आर्थिक गतिविधि, लगानीकर्ताको संख्या, दोस्रो बजारमा विद्यमान जोखिम लगायतका विषयलाई मध्यनजर गरी देशका विभिन्न स्थानमा दोस्रो बजार पहुँच पुर्याइने बताउदै पूँजी बजार विकास र विस्तार गरी देशभर छरिएर रहेको स-साना पूँजी संकलन गर्दै राष्ट्रिय पूँजी निर्माण गर्न सहज वातावरण बनाउन बोर्ड अग्रसर रहेको बताउनुभयो ।

कार्यक्रमको सभापति तथा ओखलढुंगा उद्योग वाणिज्य संघका अध्यक्ष श्री ज्ञानेन्द्र कुमार मास्केले ओखलढुंगा जिल्ला डिम्याट खाताको आधारमा प्रदेश नं. १ को मोरङ, झापा, सुनसरी र इलामपश्चात् बढी डिम्याट खाता (करिब ८,०००) खोलिएको जिल्ला भएको तथा उक्त जिल्ला सोलुखुम्बू, खोटाङ, उदयपुर र सिन्धुलीको उत्तरी भागका लगानीकर्ताहरुलाई समेत पाएक पर्ने हुनाले ओखलढुंगामा दोस्रो बजारको पहुँच पुऱ्याउन ब्रोकर कार्यालय स्थापना भएमा धरै लगानीकर्ताले सजिलै दोस्रो बजार सेवा प्राप्त गर्न सक्ने बताउनुभयो । कार्यक्रममा सहभागीहरुले सर्किट ब्रेकरसम्बन्धी व्यवस्था, आस्वा तथा सी-आस्वा प्रणाली, पूँजी बजार अर्थतन्त्रको ऐना हुनुको कारण, दोस्रो बजार थपघटका कारण, मर्जर तथा एक्विजिशनका कारण बैंक वित्तीय संस्थाको सेयर कारोवारमा विलम्ब हुँदा पर्ने प्रभाव लगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो भने प्राथमिक बजारको पहुँच देशव्यापी भएसँगै दोस्रो बजार सेवा प्राप्त गर्न लगानीकर्ता इच्छुक भएकोले ओखलढुंगामा तत्काल ब्रोकर कार्यालय स्थापना हुनुपर्ने, सार्वजनिक निष्काशन गर्ने कम्पनीले सेयर निष्काशन गर्दा प्रक्षेपण गरेको वित्तीय विवरण र वास्तविक विवरणका विषयमा बोर्डले हेर्नुपर्ने, मर्जर तथा एक्विजिशनका कारणले लामो समयसम्म सेयर कारोवार हुन नसकेकोले मर्जर तथा एक्विजिशनको कार्य चाडै टुंग्याउनुपर्ने सुझाव दिनुभएको थियो । सहभागीबाट राखिएको जिज्ञासाहरुको संवोधन बोर्ड अध्यक्ष तथा कार्यपत्र प्रस्तोताले गर्नुभयो । कार्यक्रमपश्चात् बोर्ड अध्यक्ष डा.कार्की तथा सोलुखुम्बू र ओखलढुंगामा रहेका बैंक तथा वित्तीय संस्थाका शाखा प्रबन्धकहरुबीच आस्वा तथा निक्षेप सेवासम्बन्धमा छलफल भएको थियो । दुवै कार्यक्रमको संचालन बोर्डका का.मु. सहायक निर्देशक श्री राजु बहादुर जि.सी.ले गर्नुभएको थियो ।




*बोर्ड तथा ओखलढुंगा उद्योग वाणिज्य संघद्वारा संयुक्त रुपमा आयोजित पूँजी बजार सम्बन्धी प्रशिक्षण कार्यक्रममा मन्तव्य राख्दै ओखलढुंगा जिल्ला समन्वय समितिका अध्यक्ष श्री जय बहादुर श्रेष्ठज्यू ।*

## प्रदेश न. २ को राजधानी जनकपुरधाममा पत्रकारहरुको लागि पहिलो प्रदेशगत आर्थिक तथा धितोपत्र बजार सम्बन्धी प्रशिक्षण ।

बोर्डको आ.व. २०७५।७६ को वार्षिक कार्यक्रममा प्रदेशहरुमा पत्रकारहरुलाई आर्थिक तथा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी प्रशिक्षण कार्यक्रम आयोजना गर्ने कार्यक्रम रहे अनुसार बोर्डबाट यही मिति २०७६।०१।२८ गतेका दिन हालै प्रदेश न. २ को राजधानी जनकपुरधाममा पहिलो पटक आर्थिक तथा धितोपत्र बजारसम्बन्धी तालिम/प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा प्रदेश नं. २ का करिब ८५ जना पत्रकारहरुको उपस्थिति रहेको थियो ।

नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीज्यूको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि प्रदेश न. २ का माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री विजय कुमार यादवज्यूले यस प्रदेशमा बोर्डले धितोपत्र कारोबार शुरुवात गराएकोमा खुसी व्यक्त गर्दै यस प्रदेशका पत्रकारज्यूहरुलाई महत्व दिई प्रदेशमा यस्तो पहिलो कार्यक्रम संचालन गर्नुभएकोमा आयोजकलाई विशेष धन्यवाद दिनुभयो । साथै प्रदेश सरकारले आर्थिक संवृद्धिका लागि यस क्षेत्रमा आीर्थक गतिविधिलाई प्राथमिकता दिई अगाडि बढाईरहेको सन्र्दभमा धितोपत्र बजारबाट सर्वसाधारणले समेत फाईदा पुग्ने वातावरण बनाउनुपर्ने धारणा राख्नुभयो ।




*जनकपुरमा प्रदेश न. २ का पत्रकारहरुलाई आयोजित कार्यक्रममा मन्तव्य राख्नुहुदै प्रदेश न. २ का माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री विजय कुमार यादवज्यू ।*

कार्यक्रममा विशेष अतिथि प्रदेश न. २ का प्रदेशसभाका सदस्य माननीय श्री राम आशिष यादवले पूर्वाधार विकासका लागि आवश्यक रहने पूँजी आवश्यकता पूँजी बजारमार्फत संकलन गर्न सकिने भएकोले सोतर्फ प्रदेश सरकारले ध्यान दिनुपर्ने भनाई राख्नुभयो । त्यसैगरी यस क्षेत्रका लगानीकर्ताहरुले जनकपुर बाट नै धितोपत्र कारोबार गर्न सक्ने व्यवस्था गरेकोमा बोर्डलाई धन्यवाद दिनुभयो ।

त्यसैगरी कार्यक्रममा नेपाल आर्थिक पत्रकार समाज (सेजन) का अध्यक्ष श्री पुष्पराज आचार्यले बोर्डले मोफसलमा पत्रकारिता गरिरहनुभएका पत्रकारहरुलाई लक्षित गरी आर्थिक तथा धितोपत्र बजार सम्बन्धी प्रशिक्षण कार्यक्रम शुरुवात गरेकोमा विशेष धन्यवाद दिदैं सेजन बोर्डसँग हातेमालो गर्न तयार रहेको बताउनुभयो । उहाँले आम जनमानसलाई सूचना दिने विषय गम्भीर रहेकोले विशेषतः आर्थिक विषयमा समाचार लेखनका क्रममा तथ्यहरुमा आधारित भई सही समाचार सरल रुपले लेख्नु पर्ने धारणा समेत राख्नुभयो । उक्त कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक श्री परीष्टनाथ पौड्यालले सहभागीहरुलाई स्वागत गरी कार्यक्रम बारेमा प्रकाश पार्दै बोर्डको वार्षिक कार्यक्रममा उपत्यका बाहिर कार्य गरिरहनुभएका पत्रकारहरुलाई आर्थिक तथा धितोपत्र बजार सम्बन्धी जानकारी दिने शुरुवात गरेको धारणा राख्नुभयो ।

कार्यक्रमका सभापति तथा बोर्ड अध्यक्ष डा. कार्कीले नेपालको अर्थतन्त्रको परिचयात्मक पक्षको साथै अर्थतन्त्र र धितोपत्र बजार बीचको सम्बन्धका विषयमा र यी पक्षहरुलाई बुझ्ने तथा विश्लेषण गर्ने तरीका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने बोर्डका निर्देशक श्री नारायण प्रसाद शर्माले धितोपत्र बजार, प्राथमिक बजार, दोस्रो बजार, धितोपत्र व्यवसायी जस्ता विषयका परिचयात्मक तथा आधारभूत पक्षसहित धितोपत्र बजार सम्बन्धी लेखनका क्रममा तथ्यमा आधारित, पूर्ण, आधिकारिक, सरल, समसामयिक, सन्तुलित रुपमा लेखन गनुपर्ने सम्बन्धी कार्यपत्र प्रस्तुति गर्नुभएको थियो । सो कार्यक्रममा विज्ञ आर्थिक पत्रकार श्री लोक बहादुर चापागाईले पत्रकार र सञ्चार माध्यमको कर्तव्य र गर्न नहुने काम जस्ता विषयहरु समेटिएको मोफसलमा धितोपत्र बजार र समाचार संप्रेषण विषयक कार्यपत्र प्रस्तुति रहेको थियो ।



*प्रदेशगत रुपमा जनकपुरमा पहिलोपटक आयोजित आर्थिक तथा धितोपत्र बजारसम्बन्धी कार्यक्रममा सहभागी जनकपुर क्षेत्रका पत्रकारहरु ।*

सो पश्चातको अन्तरक्रियामा सहभागी पत्रकारले शेयर निष्काशनमा स्थानीय तथा संस्थाका कर्मचारीहरुलाई विशेष सुविधा किन दिइएको, सूचीकृत कम्पनीले सूचना प्रवाह समयमा गर्ने नगरेको, निजी कम्पनीहरुलाई शेयर निष्काशन सम्बन्धी व्यवस्था, जलविधुत कम्पनीको नियमन सम्बन्धी कानूनी व्यवस्था गरिनुपर्ने र मोफसलमा धितोपत्र बजार विस्तार सम्बन्धमा आफ्नो जिज्ञासा राख्नुभएको थियो । कार्यक्रममा उठेका प्रश्नहरुको प्रत्युत्तर बोर्डका कार्यकारी निर्देशक पौड्याल र सम्बन्धित कार्यपत्र प्रस्तोताले दिनुभएको थियो ।

कार्यक्रममा बोर्ड अध्यक्ष डा. कार्कीले बोर्डले यसअघि सर्वसाधारण लगानीकर्ता तथा स्थानीयहरुलाई मात्र सचेतना कार्यक्रम गर्दै आएकोमा यस आ.व. देखि मोफसलमा पत्रकारिता गर्ने पत्रकारहरुलाई समेत प्रदेशगत तालिम प्रशिक्षण कार्यक्रम प्रदेश न. बाट शुरुवात गरेको धारणा राख्नुभयो । प्राथमिक बजारमा लगानीकर्ताले नेपालको कुना कुनाबाट सहभागी हुने अवसर प्राप्त गरिसकेको तथा धितोपत्रको दोस्रो बजारमा समेत नयाँ प्रणाली आए पश्चात शेयर कारोबार हुन सक्ने अवस्थालाई मध्यनजर गरी यो कार्यक्रमको आयोजना गरिएको उल्लेख गर्दै पत्रकारहरुले आर्थिक समाचार संप्रेषण गर्दा विशेष  ध्यान दिनुपर्ने विषयमा जोड दिनुभयो । बोर्डका का.मु. सहायक निर्देशक श्री राजु बहादुर जि.सि. ले उक्त कार्यक्रम संचालन गर्नुभएको थियो ।

# लेख/रचना

## क्रेडिट रेटिङ्गको अवधारणा र महत्व

### पृष्ठभूमि



**संगम राई**
सहायक निर्देशक

सामान्यतय क्रेडिट रेटिङ्ग भन्नाले निष्काशनकर्ता संगठित संस्थाको ऋण तिर्न सक्ने क्षमतालाई सांकेतिक सूचकको रुपमा क्रेडिट रेटिङ्ग संस्थाले दिएको रायलाई बुझाउँदछ । क्रेडिट रेटिङ्ग संस्थाले कुनै पनि संगठित संस्थाले धितोपत्रहरुको जस्तै साधारण शेयर, अग्रधिकार शेयर, सरकारी तथा संस्थागत ऋणपत्र, आदिको निष्काशन गर्नु भन्दा अगाडि सो संगठित संस्थाको साखको गुणस्तर मुल्याङ्कन गरि सांकेतिक रुपमा व्यक्त गरेको धारणालाई क्रेडिट रेटिङ्ग भन्ने बुझिन्छ । हाल नेपाल धितोपत्र बोर्डबाट क्रेडिट नियमावली, २०६९ बमोजिम क्रेडिट रेटिङ्ग व्यवसाय सञ्चालनको लागि श्री इक्रा नेपाल लि. र केयर रेटिङ्ग नेपाल लि. लाई अनुमति प्रदान गरि विभिन्न संगठित संस्थाको धितोपत्र निष्काशन गर्नको लागि क्रेडिट रेटिङ्ग प्रदान गर्ने कार्य तिब्र रुपमा गरिरहेको छ । क्रेडिट रेटिङ्ग संस्थाले धितोपत्र निष्काशनकर्ता संगठित संस्थाहरुको वित्तीय अवस्था, व्यवसायिक तथा वित्तिय जोखिम,

व्यवस्थापन पक्ष, सुशासनको अवस्था तथा भावी व्यवसाय प्रवर्द्धनको संभावना समेतको गहन रुपमा अध्ययन गरि धितोपत्र औजारको किसिम हेरी फरक फरक किसिमको सांकेतिक राय प्रदान गर्दछ। जस्तै साधारण शेयरको लागि IPO Grade 1 देखि IPO Grade 5 सम्म ५ किसिमका, परिपक्व अवधि एक वर्षभन्दा बढी रहेका ऋणपत्रहरु, अपरिबर्तनीय डिबेञ्चरहरुको लागि LAAA देखि LD सम्म ८ किसिमका रेटिङ्ग स्केल प्रदान गरिन्छ। जसले लगानीकर्ता, धितोपत्र निष्काशनकर्ता कम्पनी, मध्यस्तकर्ता (मर्चेन्ट बैंकर तथा अन्य बजार मध्यस्थकर्ता), नियमनकारी निकाय तथा अन्य सरोकारवालाहरुलाई आफनो उद्देश्य र कार्य बमोजिम निर्णय लिन सहयोग पुऱ्याउँछ।

**क्रेडिट रेटिङ्गको महत्व**

क्रेडिट रेटिङ्ग संस्थाले बजार सहभागी पक्षबाट स्वतन्त्र रहेर निष्पक्ष राय प्रदान गर्दछ। उक्त रायले साना तथा ठुला संस्थागत लगानीकर्ताहरुलाई बजारमा उपलब्ध विभिन्न धितोपत्र औजारहरु मध्येबाट जोखिम तथा प्रतिफलको आधारमा लगानीको निर्णय लिनको लागि अत्यावश्यक जानकारी प्रदान गर्दछ। विशेषत क्रेडिट रेटिङ्गले लगानीकर्ताहरुलाई लगानीको निर्णय लिन, निष्काशनकर्ता संगठित संस्थाहरुलाई आफनो कम्पनीको वित्तिय तथा संस्थागत शुशासनको अवस्थाको जानकारी लिई सुधार गर्न, मध्यस्थकर्तालाई प्रिमियममा धितोपत्रको निष्काशन गर्दा निष्काशन मुल्य निर्धारण गर्न तथा नियमनकारी निकायलाई आवश्यक नीति नियममा अद्यावधिक गरी लगानीकर्ताहरुको हित संरक्षण गर्नको लागि महत्वपूर्ण छ। धितोपत्र बजारमा सहभागी विभिन्न पक्षहरुलाई क्रेडिट रेटिङ्गको महत्व विस्तृत रुपमा तल उल्लेख गरिएको छः

**क) लगानीकर्ता :**

- जोखिम तथा प्रतिफलको आधारमा लगानीको निर्णय लिनलाई अत्यावश्यक जानकारी प्रदान गर्न।
- लगानीकर्ताहरुलाई कम्पनीको वित्तीय तथा संस्थागत शुशासनको अवस्थाको बारेमा जानकारी दिई लगानीको जोखिम तथा प्रतिफलको विश्लेषण गर्न।
- लगानीकर्ताहरुलाई लगानीको विश्वासिलो वातावरण बनाउन।
- निष्काशनकर्ता संगठित संस्थाको बारेमा लगानीसंग सम्बन्धित विभिन्न जानकारी दिई लगानीकर्ताको हित संरक्षण गर्न।
- लगानीमा जोखिम पत्ता लगाई उच्च प्रतिफलको लागि लगानीको विविधिकरण गर्न।
- धितोपत्रहरुलाई रेटिङ्ग दिई तरलता प्रदान गर्न सहयोग पुऱ्याउँछ।

**ख) निष्काशनकर्ता :**

- कम्पनी स्वयंको वित्तीय तथा संस्थागत सुशासनको अवस्थाको बारेमा जानकारी लिन।
- वित्तीय सुशासन लाई दिगो गरी निष्काशन तथा अन्य लागत कम गर्न।
- प्रचार प्रसार कम भएका राम्रा कम्पनीलाई आवश्यक पूँजी उठाउन सहयोग पुऱ्याउने।
- बजारमा कम्पनीको मूल्य निर्धारण गर्न उपयोगी आधारमानको रुपमा सहयोग पुऱ्याउने।
- क्रेडिट रेटिङ्ग स्तरमान हेरी कम्पनी स्वयं सुधार गर्नको लागि प्रोत्साहन गर्ने।
- कम्पनीले क्रेडिट रेटिङ्ग गरिसकेपछि कर्जा लिनको लागि लाग्ने समय र लागत कम लाग्ने।
- राम्रा रेटिङ्ग भएको कम्पनीको निष्काशित सबै धितोपत्रहरु विक्री गर्न सजिलो हुने।

**ग) मध्यस्थकर्ता :**

- निष्काशन मूल्य निर्धारण गर्न।
- निजी विक्री तथा धितोपत्र विक्रिको लागि मार्केटिङ्ग गर्न।
- सम्पत्ति धितोपत्रीकरण तथा संरचित दायित्व गर्न।
- रेटिङ्गले एक्स्पोजर स्तर र जोखिम सम्बन्धमा निर्णय गर्न सहज बनाउने।

**घ) नियमनकारी निकाय :**

नेपालमा धितोपत्र बजार मार्फत धितोपत्रको सार्वजनिक निष्काशन गर्दा नियमनकारी निकायले अनिवार्य रेटिङ्ग गराउनुपर्ने व्यवस्था गरेको छ। उक्त व्यवस्थाले धितोपत्र लगानीकर्ताहरुको हित संरक्षण गर्ने र रेटिङ्ग संस्थाले उपलब्ध गराएको प्रतिवेदनले बजारलाई स्वच्छ, पारदर्शी, तथा प्रभावकारी बनाउन समय सापेक्ष नीति निर्माण बनाउन सहयोग गर्दछ तथा धितोपत्र बजारलाई थप सुशासित बनाउन सघाउँछ।

**अन्त्यमा,**


देश राजनीतिक स्थायित्व पछि संघीय संरचनामा गइसकेको अवस्थामा आर्थिक स्थायित्वको चरणमा प्रवेश गरेको छ। आर्थिक स्थायित्व र धितोपत्र बजारको सकरात्मक सम्बन्ध हुन्छ जसले धितोपत्र बजारको दायरा बढाउनलाई सहयोग पुऱ्याएको छ। यसरी देश नयाँ

संघीय संरचना र आर्थिक स्थायित्वमा प्रवेश गरेसंगै तीन तहको सरकारले धितोपत्र बजार मार्फत स्थानीय ऋणपत्र सर्वसाधारणमा जारी गरी देश विकास निर्माणमा जनताको पैसा लगानी गर्न सक्दछ । यस्ता स्थानीय ऋणपत्र निश्चित वर्षको लागि निश्चित प्रतिशत व्याजदर दिने सर्त राखी निष्काशन गरिएको हुन्छ । जसले जनतालाई ऋणपत्रमा लगानी गर्न र तीनै तहको सरकारलाई जनतबाट उठाको ऋण जनताको विकासको लागि खर्च गरी देशको आर्थिक विकासमा सहयोग गर्दछ। स्थानीय ऋणपत्र  जारी गर्नु भन्दा अगाडी तीनै तहको सरकारको रेटिङ्ग गर्नुपर्ने व्यवस्था छ जसले क्रेडिट रेटिङ्ग संस्थाको कार्य क्षेत्र बढाँउदछ। क्रेडिट रेटिङ्ग संस्थाले तीनै तह सरकारको आर्थिक शुशासन, खर्च तथा आयको व्यवस्थापन, अल्पकालीन तथा दीर्घकालीन योजना, सरकार प्रमुखको योग्यताको आधार तथा अन्य विषय वस्तुको विस्तृत अध्ययन गरी रेटिङ्ग प्रदान गर्दछ। नेपालले अन्तर्राष्ट्रिय संस्था तथा देश बाट ऋण तथा लगानी ल्याउनको लागि २०७५।७६ को बजेटले देशको पनि रेटिङ्ग गर्नुपर्ने व्यवस्था गरेको छ। साथै मौद्रिक नीति २०७५।७६ ले कुनैपनि व्यक्ति वा संस्थाले पचास करोड वा सो भन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट ऋण लिदा अनिवार्य रेटिङ्ग गर्नुपर्ने, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम अन्तर्राष्ट्रिय संस्थाले स्थानीय रुपैंयामा ऋणपत्र जारी गर्न पाउने व्यवस्था रहेको र सो ऋणपत्रको पनी रेटिङ्ग गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी देशको रेटिङ्ग गर्नुपर्ने व्यवस्था, तीनै तहको सरकारले स्थानीय ऋणपत्र जारी गर्दा रेटिङ्ग गर्नुपर्ने, पचास करोड वा सो भन्दा बढीको ऋण लिदा रेटिङ्ग गर्नुपर्ने, तथा अन्तर्राष्ट्रिय संस्थाले ऋणपत्र जारी गर्दा रेटिङ्ग गर्नुपर्ने व्यवस्थाले धितोपत्र बजार र क्रेडिट रेटिङ्ग संस्था दुबैको दायरा र महत्व दिनानुदिन बढिहेको छ।

***

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा, त्यो विन्ती मान्दैन त्यो"

# हार्दिक श्रद्धाञ्जली



जन्मः वि.स.. १९९१।०२।२५
स्वर्गारोहणः वि.स.. २०७५।१२।१३

**यस बोर्डका कर्मचारी श्री नवराज पण्डितज्यूको आदरणीय पिता**

**श्री रामकृष्ण पण्डितज्यूको ८५ वर्षको उमेरमा असामयिक निधनप्रति दुःख व्यक्त गर्दै बोर्ड परिवार भावपूर्ण श्रद्धाञ्जलीसहित मृतआत्माको चिरशान्तिको कामना गर्दछौं । साथै, यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**नेपाल धितोपत्र बोर्ड परिवार**
**जावलाखेल, ललितपुर ।**

# नेपाल धितोपत्र बोर्ड

## जावलाखेल, ललितपुर ।

## प्रशिक्षण, रेडियो कार्यक्रम तथा लगानीकर्तासँग प्रत्यक्ष रेडियो संवाद र शेयर आवेदनसम्बन्धी सूचना ।

बोर्डको यो आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार बोर्डबाट देहायअनुसार निःशुल्क रुपमा लगानीकर्ता प्रशिक्षण, रेडियो कार्यक्रम र लगानीकर्तासँग प्रत्यक्ष रेडियो संवाद कार्यक्रम संचालन/प्रसारण भईरहेको तथा शेयर आवेदन सम्बन्धमा सम्बन्धित सबैलाई जानकारी गराईन्छ :

| | | | |
|---|---|---|---|
| १. बोर्डको कार्यालय जावलाखेल, ललितपुरमा प्रत्येक महिनाको दोस्रो र अन्तिम शुक्रबार दिनको २:०० बजे देखि ४:०० बजेसम्म पाक्षिकरुपमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम । (सहभागिताका लागि बोर्डको फोन न. ०१-५५४१०५७, ५५५०५११, ५५४४०७६, ५५५५११६२ मार्फत नाम टिपाउनहुन इच्छुक सबैलाई अनुरोध छ ।) | २. रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम ।: | ३. रेडियो कान्तिपुर एफएम बाट प्रत्येक महिनाको पहिलो बुधबार बिहान ७.३० देखि ८.०० बजे सम्म लगानीकर्ता प्रत्यक्ष संवाद कार्यक्रम । | ४. रेडियो कान्तिपुर एफएम बाट प्रत्येक महिनाको पहिलो बुधबार बिहान ७.३० देखि ८.०० बजे सम्म लगानीकर्ता प्रत्यक्ष संवाद कार्यक्रम । |

(द्रष्टव्य : बोर्डले सार्वजनिक निष्काशनमा न्युनतम १० कित्ता दरखास्त दिन पाईने र संभव भएसम्म सबै आवेदकलाई कम्तीमा १० कित्ता पाउने व्यवस्था गरेको जानकारी गराईन्छ ।)


| प्रमुख सल्लाहकार | सल्लाहकार | सम्पादक |
|---|---|---|
| डा. रेवत बहादुर कार्की | श्री परीष्टनाथ पौड्याल<br>श्री निरज गिरी | डा. नवराज अधिकारी |

| सह सम्पादक | सहायक सम्पादक |
|---|---|
| श्री नारायण प्रसाद शर्मा | श्री रेवत श्रेष्ठ |

**प्रकाशक:**
नेपाल धितोपत्र बोर्ड
पो.ब.न.. ९०३१, जावलाखेल, ललितपुर,फोन: ०१-५५४१०५७, ५५५०५११, ५५४४०७६, ५५५५११६२
फ्याक्स:०१- ५५४१०५८, टोल फ्रि हटलाइन न.: १६६०-०१-४४४३३
वेबसाइट :http://www.sebon.gov.np इ-मेल: support@sebon.gov.np